# आमाबुबाको सेवा



लेखक
भिक्षु सुदर्शन

अनुवादक
प्रदीप शाक्य 'घोषक'

Downloaded from http://www.dhamma.digital

# आमाबुबाको सेवा

(आमाबुबाको गुणानुस्मरण पुस्तिका)



*लेखक*

**भिक्षु सुदर्शन**

*अनुवादक*

**प्रदीप शाक्य 'घोषक'**



Downloaded from http://www.dhamma.digital

# आमाबुबाको सेवा

## (आमाबुबाको गुणानुस्मरण पुस्तिका)

*लेखक :* **भिक्षु सुदर्शन**

*प्रकाशक :*

**छोरा बुहारीहरू**
श्रीमान् कमल शाक्य र श्रीमती महालक्ष्मी शाक्य
श्रीमान् प्रदीप शाक्य र श्रीमती मिना शाक्य
श्रीमान् सुदीप शाक्य र श्रीमती सुष्मा शाक्य

**छोरीहरू**
सुश्री ज्ञानु शाक्य
श्रीमती पद्मा शाक्य
एवं समस्त शाक्य परिवार
भोजपुर नगरपालिका - १२, टक्सार बजार
धरान नगरपालिका - १५, सुनगाभा मार्ग
काठमाडौं महानगरपालिका - ३१, नयां बानेश्वर

**आवरण :** इ. उज्वल शाक्य तथा फोटोग्राफर सुबोध शाक्य

बुद्ध संवत् २५६४
नेपाल संवत् ११४१
विक्रम संवत् २०७७
इस्वी संवत् २०२१

प्रकाशन : १००० प्रति

मुद्रण : आइडियल प्रिन्टिङ्ग प्रेस
ग्वार्को, ललितपुर, फोन : ५५२१६३६



Downloaded from http://www.dhamma.digital

# लिसं

## (लेखकको कलमबाट मनका कुरा)

आमाबुबाको सेवा गर्ने कुरा बुद्ध बोधिसत्वहरुद्वारा मार्गदर्शन गरिएको आदर्श पथमा हिँड्नु हो । मानिसहरुले यो सारा विश्व ब्रम्हाण्ड नै आफ्नो बनाएता पनि आमाबुबाप्रतिको आफ्नो व्यक्तिगत कर्तव्यलाई कहिल्यै बिर्सनु हुँदैन ।

यो सत्य छ कि कर्तव्यको परिधि युग र सामाजिक व्यवस्था अनुसार परिवर्तन हुँदै जान्छ, तर कर्तव्यको अर्थ एवं रुपमा परिवर्तन हुँदैन । जहाँ संयुक्त परिवार पद्धति अपनाइएको हुन्छ, त्यहीं सामुहिकरुपले बृद्ध बृद्धाहरुको लालनपालनको समुचित व्यवस्थापनले स्थान ओगटेको हुन्छ । भूत वर्तमानमा र बर्तमान अवस्था भविष्यप्रति नै आधारित रहेको हुन्छ । स्मरणीय कुरो यो छ कि आफ्ना आमाबुबाहरु जीवित हुन्जेल गरिने कर्तव्य नै प्रत्यक्ष रुप हो । जब उहाँहरु दिवंगत हुनेछ, तब यो कर्तव्यले भावनात्मक श्रद्धाको रुप लिन जान्छ । त्यतिबेला दिवंगतहरुको स्मृतिमा मानिसहरुले श्राद्ध गर्दछन । कुनै कुनै श्राद्धहरु कुनै बेला सार्थक हुन्छन भने कुनै कुनै निसार्थक हुने मात्र नभई भारप्रद एवं हानिकारक पनि हुन पुग्छन् । तसर्थ श्राद्ध गर्नु ठीक छ तर पितृको नाममा गरिने श्राद्धले आमाबुबाले अति स्नेहपुर्वक आफ्ना छोराछोरीको लागि भनेर व्यवस्थापन गरेर गएको घरजग्गा लगायत चलअचल सम्पतिको नाश हुने खालको श्राद्ध ठीक हुँदैन । यसबाट आफ्ना सन्तानहरुले सुखी जीवन बाँच्न सकोस भनी ईच्छा आकांक्षा राख्ने आमाबुबाहरुलाई आफू दुःखी भएको अवस्था प्रकट गर्नु मात्र हुनजान्छ । यस अतिरिक्त यस पुस्तकबाट आमाबुबाको गुण एवं आमाबुबाप्रति सन्तानको कर्तव्य बारे थोरै भएपनि बोध गराउन सक्दछ । तर यहाँ यति प्रष्ट गर्न चाहन्छु कि, यो पुस्तक 'आमाबुबाको सेवा' बिषयक हो । जसले गर्दा छोराछोरीप्रति आमाबुबाको कर्तव्यबारे यसले प्रकाश पार्दैन ।

यो पुस्तक नयाँ सडकका श्रद्धालु उपासिका रत्नमाया गुरुमाँ र



Downloaded from http://www.dhamma.digital

उहाँको सुपुत्र इच्छाहर्ष बज्राचार्यज्यूको आग्रह अनुसार लेखेको हुँ । यो पुस्तक लेख्नकोलागि मैले आफैले लेखेको पुस्तक 'महामंगल' को 'मातापितु उपट्ठान' भन्ने लेखलाई आधार बनाएको छु । साँच्चिकै भन्नुपर्दा यो पुस्तक त्यही चार पृष्ठजतिको रचनाको विस्तृत रुप हो । यो पुस्तकको रचना त्यतिबेला भयो, जुनबेला ममा अलिकति पनि शान्त एवं स्थिर वातावरण थिएन । अझ भनौंभने आफुले एकचोटी लेखिसकेको रचनालाई अझ राम्ररी अध्ययन गरेर हेरुँ न त भन्नलाई पनि समयाभावको स्थितिमा आफ्नो लेखन अभ्यासप्रति विश्वास गर्नु र कथा त हो नि भन्नु सिवाय् सन्तोष लिने अन्य उपाय नै भएन ।

अन्तमा पुस्तक प्रकाशन गर्ने श्रद्धालु प्रकाशकहरुप्रति धन्यवाद ज्ञापन गर्नु म आफ्नो कर्तव्य ठान्दछु । साथै पाठकबृन्दले मेरो अन्य धार्मिक पुस्तकहरु जस्तै यसलाई पनि मायाँ गरी आफ्नै ठानी दिनुहुनेछ भनी आशा एवं विश्वास लिन चाहन्छु । अस्तु

**भिक्षु सुदर्शन**

८-१२-२०२३, कान्ति अस्पताल

## द्वितीय संस्करण २०३३

'आमाबुबाको सेवा' नामक पुस्तकलाई उपासक उपासिकाहरु र नेपालभाषा माध्यमबाट बुद्धको उपदेश अध्ययन गर्न चाहनेहरुले अत्यन्तै मन पराउनु भयो । अतः विगत केही वर्षहरुदेखि यस पुस्तकको अभाव खट्कियो । नेपाल बौद्ध परियत्ति शिक्षाको प्रवेश द्वितीय श्रेणीको पाठ्यक्रममा समेत समावेश भएकोले यसको खोजिनिति अझ बढी हुनगयो ।

यस अभावलाई पनि पूरा गर्दै र नेपाल बौद्ध परियत्ति शिक्षाका विद्यार्थीहरुलाई समेत सहयोग हुने हेतुले श्री हिराकाजी सूइकाःद्वारा यस पुस्तकको दोस्रो संस्करण प्रकाशित गरी धर्मकार्य गर्नुभएको छ । उहाँप्रति मेरो साधुवाद छ साथै मुद्रक सुभाष प्रिन्टिङ्ग प्रेसलाई पनि धन्यवाद छ ।



Downloaded from http://www.dhamma.digital

# मंगल कामना

श्रद्धेय भिक्षु सुदर्शन महास्थविरज्यूले नेपालभाषामा लेखिराख्नुभएको 'मां बौया सेवा' पुस्तकलाई आफूले पनि अनुवाद कार्य गर्ने अभ्यासको रुपमा भोजपुरका हाल नयाँ बानेश्वर निवासी प्रदीप शाक्य 'घोषक'ले नेपाली भाषामा अनुवाद गरी जन्मदाता आमाबुबाको अनन्त उपकार गुण स्मरण गरी पुस्तक प्रकाशन गरी धर्मदान गर्न लागेको कुरा सुन्न पाउँदा खुशी लागेको छ ।

आमाबुबाको महत्व सम्बन्धी विभिन्न ठाउँमा भएका उपदेशलाई सबैले बुझ्ने गरी लेखिराख्नुभएको यो पुस्तक परियत्ति प्रवेश प्रथम वर्षमा (कक्षा ४) पनि समावेश छ । वीणा कंसाकारले पहिला नै अनुवाद गरी परियत्ति शिक्षाको पाठ्यपुस्तकको रुपमा समावेश भइसकेता पनि प्रदीप उपासकले पनि पुस्तक अध्ययन गरी सबैले बुझिराख्नुपर्ने र जानिराख्नु पर्ने शिक्षा भएको कारणले पुस्तकलाई आफूले पनि अनुवाद गर्दै परिवारको सहयोगमा प्रकाशन समेत गर्न लागेको कार्य साधुवादको विषय रहेको छ ।

Dhamma.Digital

'आमाबुबाको सेवा' सम्बन्धी यो पुस्तक धेरैले अध्ययन गरी भगवान बुद्धले दिनुभएको आमाबुबाको सेवा सम्बन्धी उपदेश ज्ञान लिई प्रत्येक सन्तानले आफ्ना आमाबुबाको साँचो अर्थमा सेवा गर्न सकुन् भनी सबैमा शुभकामना व्यक्त गर्दै यस पुनीत कार्यमा सहभागी सबैलाई साधुवाद दिन चाहन्छु ।

**भिक्षु मैत्री महास्थविर**
अध्यक्ष
अखिल नेपाल भिक्षु महासंघ
२०७७ माघ १८



Downloaded from http://www.dhamma.digital

# साधु अनुमोदना

विश्व शान्ति विहार दायक समितिका सदस्य तथा नेपाल बौद्ध परियत्ति शिक्षा परीक्षा तथा दीक्षान्त समारोह विशेष समितिका सक्रिय सदस्य उपासक प्रदीप शाक्य 'घोषक' विहारमा आउनुहुँदा विहार तथा परियत्ति शिक्षा बारे केही सहयोग गर्नुपर्ने भएमा काम दिनुहोस् भनी सहयोग गर्न जहिले पनि तत्परता जगाउनुहुन्थ्यो । पुस्तक अनुवाद, करेक्सन, परीक्षा आदिमा सहयोग गर्दै आउनुभएको अनुभव उहाँसँग रहेकोले "मां बौया सेवा" पुस्तक अनुवादको लागि अनुरोध गरें । उहाँले अनुकूलता अनुसार अनुवाद पनि गर्दै ल्याउनुभयो । जुन पुस्तक श्रद्धेय भिक्षु सुदर्शन महास्थविरद्वारा नेपालभाषामा लिखित वि.सं.२०२३ सालमा प्रथम संस्करणको रुपमा र २०३३ सालमा द्वितीय संस्करणको रुपमा प्रकाशन भएको हो ।

श्रद्धेय भिक्षु सुदर्शन भन्तेज्यूले नेपालभाषामा लेख्नुभएको पुस्तक जुन हाल प्रवेश प्रथम वर्षको पाठ्यक्रममा समावेश छ । यो पुस्तक वीणा कंसाकारले नेपालीमा अनुवाद गरी पुस्तकको रुपमा प्रकाशन भइसकेको याद आएर उहाँलाई सूचित गरें ।

आमाबुबा को हुन् ? आमाबुबाको आफ्ना सन्तानहरुप्रति कस्तो स्नेह, मैत्री हुन्छ ? आमाबुबाको सेवा किन गर्नुपर्छ र कसरी जनमानसमा प्रचारप्रसार गर्नुपर्छ ? श्रृगारपुत्रलाई बुबाले अन्तिम अवस्थामा के उपदेश दिएका थिए ? छ वटा दिशालाई कसरी नमस्कार गर्नुपर्छ ? आमाबुबालाई दुःखकष्ट दिंदा कस्तो विपाक भोग्नुपर्छ ? आमाबुबा तथा ठूला मान्यजनहरुको कुरा उपदेश पालना नगर्दा कस्तो आपद्विपद् आउन सक्छ ? आदि विषयवस्तु समावेश भएको यो पुस्तक धेरै नै महत्व रहेको छ । प्रत्येक छोराछोरीले यो पुस्तक बारम्बार पढेर आफूले आमाबुबालाई कसरी कुन रुपमा सेवा गर्न पाएको छ, छैन भनी मनन् गर्नुपर्ने रुपमा रहेको पुस्तक हो ।



Downloaded from http://www.dhamma.digital

२०७६ सालमा आमा बालकुमारी शाक्य बित्नुभएपछि आमाको पुण्यस्मृतिमा आफूले के गर्न सकिन्छ भनी विचार विमर्शको रुपमा आएको चिन्तन अनुसार प्रदीप उपासकले नेपालीमा अनुवाद गरेर भित्रसम्म प्रभाव पारेकोले आमाबुबाको सेवा सम्बन्धी कुरा धेरैलाई थाहा दिलाउनुपर्छ भन्ने उद्देश्यले अनुवादको साथै परिवारका सदस्यहरुलाई पनि समावेश गरी पुस्तकको रुपमा प्रकाशित गरी धर्मदान दिइराख्नु भएको प्रशंसनीय बुद्धशासनिक कार्य हो ।

बुबा मोतिलाल शाक्य र आमा बालकुमारी शाक्य जीवित रहनुहुँदा सन्तानको रुपमा छोराछोरीहरुले गर्नुपर्ने गृही विनयको शिक्षामा उल्लिखित सेवा जस्तै परिवारका सदस्यहरुले आमाबुबालाई सेवा गरेपश्चात् पनि उहाँहरु संसार छोडेर गइसकेपछि पनि उहाँहरुको अनन्त गुण सम्झी आमाबुबासहित परलोक हुनुभएका ज्ञातिवन्धुहरुलाई पनि स्मरण गरी यो पुस्तक प्रकाशन गरी धर्मदान गरिराख्नु भएकोमा पुस्तकका अनुवादक प्रदीप शाक्य 'घोषक' तथा सम्पूर्ण परिवारजन र सहयोगीहरुलाई साधुवाद दिन चाहन्छु ।

बुद्धशासनिक पुण्यकार्यमा पछि पनि निरन्तर लाग्दै धेरैलाई उपकार गर्ने मार्गमा अगाडी बढ्न सकून् भनी मंगलमैत्री कामना व्यक्त गर्न चाहन्छु । र अन्तमा दिवंगत उपासिका बालकुमारी शाक्य तथा उपासक मोतिलाल शाक्य लगायत परलोक भइसकेका अन्य ज्ञातिवन्धुहरुलाई पनि सुगति र निर्वाणको हेतु होस् भनी पुण्य अनुमोदन गर्दछु ।

**भिक्षु बोधिज्ञान**

प्रमुख

विश्व शान्ति विहार

२०७७ माघ १७



Downloaded from http://www.dhamma.digital

# दुई शब्द

बुद्ध, बुद्धधर्म, बौद्ध शिक्षा तथा संस्कृति यस पुण्यभूमि नेपालको विशेषता र पहिचान मान्न सकिन्छ। यस बौद्ध परम्परा र संस्कारलाई जीवन्त बनाउन बौद्ध साहित्य तथा वाङ्मयको विकास पनि निरन्तर आवश्यक रहन्छ। नेपाली बौद्ध साहित्य वाङ्मयको विकास प्रवर्द्धनमा आफ्नो जीवन समर्पण गर्नुहुने प्रकाण्ड बौद्ध विद्वान अन्वेषक बौद्ध साहित्यकारको रुपमा परिचित श्रद्धेय भिक्षु सुदर्शन महास्थविरज्यूद्वारा आज भन्दा झण्डै साढे पाँच दशक अघि नेपालभाषामा लिखित 'मां बौया सेवा' नामक पुस्तक पुनः नेपाली भाषामा अनुदित भै प्रकाशित हुन लागेको सुखद् समाचार सुन्न पाउँदा अत्यन्त हर्ष लागेको छ।

यस विश्व शान्ति विहारका श्रद्धालु हितैषी उपासक एवं दायक समितिका सदस्य श्री प्रदीप शाक्य 'घोषक'ज्यूले स्वयं आफैले अनुवाद गरी दिवंगत आमाबुबाको गुणानुस्मरण उद्देश्य सहित आफ्नी ममतामयी जन्मदाता आमा बालकुमारी शाक्यको वार्षिक पुण्यतिथिमा प्रकाशन गरी धर्मदान गर्न लागेको जानकारी पाउँदा यस विश्व शान्ति विहार परिवार अत्यन्त धर्म गौरवको महशुस गर्दछ ।

यस पुस्तकको प्रकाशनले नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रममा समाविष्ट पाठ्यपुस्तकको अभाव खेपीरहेको बौद्ध शैक्षिक जगतलाई केही हदसम्म परिपूर्ति गर्नका लागि कोशेढुङ्गा सावित हुनसक्ने कुराको अतिरिक्त पश्चिमी सभ्यता र संस्कृतिबाट आक्रान्त वर्तमान नेपाली समाज र घर परिवारका प्रत्येक जनमानसलाई आफ्नो धर्म, संस्कृति र सभ्यता अनुकूलको घरपरिवारलाई पहिचान गर्नका लागि पनि अध्ययनको खुराक बन्न सक्नेछ भन्ने विश्वास लिएको छु।

हाल संयुक्त परिवारबाट एकल परिवारमा बढी आकर्षित नेपाली समाज, अपार्टमेन्ट, हाउजिङ्ग र कोलोनीमा अभिप्रेरित नेपाली जनमानस



Downloaded from http://www.dhamma.digital

तथा युवा पिंढिलाई बौद्ध दर्शन अनुसार आमाबुबा र आफ्ना संरक्षक एवं पालनपोषणकर्ता अभिभावकप्रति सन्तानको के कस्तो दायित्व र कर्तव्य तथा विधिव्यवहार हुनुपर्दछ भन्नेबारे यस पुस्तकले स्पष्ट मार्गनिर्देश गर्दछ । साथै आधुनिक समाज सभ्य र प्रविधियुक्त भै विकसित भइरहेको भनिएता पनि स्वार्थमय संसारमा प्रत्येक परिवारमा विकृति, विसंगतिले गर्दा आजकल थुप्रै आमाबुबाहरु सन्तानका धनी भइकन पनि बेसहारा, असहाय भै वृद्धाश्रममा आश्रित हुनुपरेको विडम्बनापूर्ण अवस्थालाई मनन् गर्दा यस 'आमाबुबाको सेवा' पुस्तक अध्ययनले बौद्ध जीवन पद्दति अनुसार आ-आफ्नो परिवार व्यवस्थित गरी सदैव सुखपूर्वक जीवनयापन गर्न ठूलो मद्दत मिल्ने छ भन्ने आशा गर्न सकिन्छ ।

अन्तमा यस्तो पुनीत कार्यको अवसरमा आफैले अनुवादसहित प्रकाशन गरी धर्मदान गर्न अभिप्रेरित हुनुहुने भोजपुर टक्सारका हाल नयाँ बानेश्वर निवासी श्रद्धावान बौद्ध जिज्ञासु उपासक प्रदीप शाक्य 'घोषक' लगायत सपरिवारलाई साधुवादसहित मंगलमैत्री शुभकामना व्यक्त गर्दछु । यस पुण्यको आनुभावले भविष्यमा पनि बौद्ध साहित्य यात्रामा अनुवादकको कलम निरन्तर अगाडी चलिरहोस् साथै उहाँका दिवंगत मातापिता तथा आफन्तजनहरुको परलोक जीवन सुगति सहित निर्वाण हेतु होस् भनी कुशल प्रार्थना सहित पुण्यानुमोदन गर्दछु ।

भवतु सब्ब मंगलं

**भिक्षु निग्रोध**
प्राचार्य
विश्व शान्ति बौद्ध शिक्षालय
विश्व शान्ति विहार
मीनभवन, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# प्रकाशकको मन्तव्य

**"पञ्ञा नरानं रतनं"**

प्रज्ञा नै मनुष्यको रत्न हो भन्ने तथागत शाक्यमुनि गौतम बुद्धको अमृत वचनलाई मनन् गर्दै हाम्रो पारिवारिक सल्लाहअनुसार हाम्री ममतामयी मुमा दिवंगत बालकुमारी शाक्यको वार्षिक पुण्यस्मृतिमा बौद्ध साहित्य अन्तर्गतको एउटा पुस्तक प्रकाशन गरी धर्मदान गर्ने निर्णय भयो । यसको सम्पूर्ण व्यवस्थापकीय जिम्मेवारी माहिलो भाइ प्रदीप शाक्यलाई सुम्पने निर्णय गरियो । सोहीअनुरुप निजले पनि आफ्नो कर्तव्य बोध गरी सुम्पिएको उत्तरदायित्व सहर्ष वहन गर्दै पुस्तक प्रकाशनको लागि आवश्यक सरसल्लाह परामर्श एवं सुझाव संकलनसहित सान्दर्भिक छलफल गर्दै विश्व शान्ति बिहार प्रमुख भिक्षु बोधिज्ञान महास्थविरज्यूसँग सम्पर्कमा रहन पुग्यो । उहाँकै निर्देशन र सल्लाहबमोजिम मूल लेखक भिक्षु सुदर्शन महास्थविरज्यूद्वारा नेपालभाषामा लिखित 'मां बौया सेवा' नामक पुस्तक नेपालीमा अनुवाद गरी प्रकाशन गरेमा नेपाल बौद्ध परियति शिक्षाका विद्यार्थीहरुलाई पनि केही टेवा पुग्ने र वर्तमान सामाजिक एवं पारिवारिक व्यबहारलाई समेत केही हदसम्म परिवर्तन ल्याउन सचेतना जागरण गर्न मद्दत पुऱ्याउन सक्छ भनी व्यक्त उद्‌गारलाई हृदयंगम गरी सोही अनुरुप आवश्यक कदम अघि बढाई आज यस पुस्तिकाकारको रुपमा तपाईहरुको हातहातमा पुऱ्याउन हामी सक्षम भएका छौं ।

हुन त हाम्रो परिवारबाट विगत वर्षहरुमा पनि आफ्ना दिवंगत पूर्वजहरुको पुण्यस्मृतिमा यसरी नै धार्मिक पुस्तकहरु प्रकाशन गरी धर्मदान गर्दै आइरहेको कुरा प्रायः यहाँहरुलाई अवगत भएकै हुनुपर्छ । उक्त पुस्तकहरुको अध्ययनबाट यहाँहरुको जीवनमा आंशिकरुपमा भए पनि सकारात्मक सोच उत्पन्न गराउन सफल भएको खण्डमा हाम्रो प्रयास पनि केही सार्थक भएको महसुस हुनेछ । त्यस्तै यस पुस्तकको अध्ययनबाट पनि यहाँलगायत परिवारका नयाँ पुस्तामा व्यबहारिक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ भन्ने कुरामा हामी विश्वस्त छौं । वास्तबमा यही सफलता नै हामीबाट चालिएको प्रयासको फलस्वरुप आजको पुनीत दिनमा दिवंगत मुमाप्रति अर्पित सच्चा श्रद्धाञ्जली हुन जानेछ भनी वहाँप्रति श्रद्धा सुमन अर्पणसहित सुगति निर्वाणको कामना गर्दछौं ।



Downloaded from http://www.dhamma.digital

यस पुस्तक प्रकाशनको लागि शुरुवाती चरणदेखि नै सक्रियरुपमा टङ्कण कार्यमा सहयोग पुऱ्याउने कान्छा भाइ सुदीप शाक्य र भतिजी/छोरी डा. प्रमिना शाक्य सहित आवरणपृष्ठ सज्जाकार द्वय छोरा/भतिज इन्जिनियर उज्वल शाक्य तथा भान्जा फोटोग्राफर सुबोध शाक्य लगायत सबैलाई धेरै धेरै मंगलमैत्री धन्यवाद व्यक्त गर्दछौं । साथै अनुवादित पुस्तकको पाण्डुलिपि आद्योपान्त हेरेर भाषा शैलीमा निखारता ल्याई शुद्धाशुद्धी कार्यमा सहयोग पुऱ्याउनु हुने भ्याली भ्यु इङ्गलिस स्कूल मध्य बानेश्वरका प्राचार्य श्री सुभाषचन्द्र भण्डारीज्यूप्रति हार्दिक आभार व्यक्त गर्दै मुरीमुरी धन्यवादसहित मैत्रीपूर्वक साधुवाद ज्ञापन गर्दछौ ।

यस्तै अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय भिक्षु मैत्री महास्थविरज्यू, नेपाल बौद्ध परियति शिक्षाका केन्द्रीय परीक्षा नियन्त्रक श्रद्धेय भिक्षु बोधिज्ञान महास्थविरज्यू, एवं विश्व शान्ति बौद्ध शिक्षालयका प्रिन्सिपल श्रद्धेय भिक्षु निग्रोध महास्थविरज्यूहरुको अमूल्य शुभकामना मन्तव्यप्रति पनि हार्दिक कृतज्ञता सहित मंगलमैत्री साधुवाद अर्पण गर्दछौं ।

अन्तमा, यस पुस्तिकालाई समयमा नै सफलतापूर्वक प्रकाशन गरी मूर्तरुप दिन सहयोग गर्नुहुने आइडियल प्रिन्टिङ्ग प्रेस परिवारप्रति मंगलमैत्री साधुवाद सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछौ ।

**भवतु सब्ब मंगलं**

Dhamma.Digital

**प्रकाशक**

**छोरा बुहारीहरु**

श्री ई.कमल शाक्य र श्रीमती महालक्ष्मी शाक्य
श्री प्रदीप शाक्य र श्रीमती मिना शाक्य
श्री सुदीप शाक्य र श्रीमती सुष्मा शाक्य

**छोरीहरु**

सुश्री ज्ञानु शाक्य
श्रीमती पद्मा शाक्य
एवं समस्त शाक्य परिवार
भोजपुर नगरपालिक-१२, टक्सार बजार
धरान नगरपालिका-१५, सुनगाभा मार्ग
काठमाडौं महानगरपालिका-३१, नयाँ बानेश्वर



Downloaded from http://www.dhamma.digital

## अनुवादकको लेखनीबाट -

"सब्बदानं धम्मदानं जिनति"

सबै दानहरूमध्ये सर्वश्रेष्ठ दान धर्मदान हो । धर्मदानले सबै दानहरूलाई जित्दछ भन्ने तथागत सम्यक सम्बुद्धको अमृत वचनलाई मनन गर्दै हाम्रो घरपरिवारको पहिलो पुस्ताका अग्रज सदस्यहरूको देहावसान पश्चात् उहाँहरूको सुगति निर्वाणको कामनासहित पुण्य स्मृतिमा श्रद्धाञ्जली स्वरूप प्रायः वार्षिक पुण्यतिथिको अवसर पारेर बौद्ध साहित्यका कृतिहरू सम्पादन, अनुवाद र प्रकाशन गरी धर्मदान गर्दै आइरहेको कुरा यहाँहरूमाझ प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ । हाम्रा हजुरबुबा स्वः मुनिराज शाक्य संस्कारित यस परम्परालाई निरन्तरता प्रदान गरी सक्षम तुल्याइराख्न प्रेरणाका श्रोत हुनुहुन्थ्यो - ठुलो बुबा दिवंगत भिक्षु विवेकानन्द महास्थविर ।

सम्वत् २०७६ माघ २१ गते, दशमी शुक्लपक्ष, मङ्गलबार, साँझ ६:२१ बजेको कुरा हो । म करिब १ हप्ता अगाडि मात्र मुमाज्यू साह्रै सिकिस्त बिरामी भएको खबरले सुनसरीस्थित धरान १५ सुनगाभा मार्गमा अवस्थित दाजुको घरमा गई मुमाको दर्शन र करिब २ हप्ताजति सेवाटहल गरी काठमाडौं फर्केको मात्र थिएँ । त्यहाँ पुगेको झन्डै १० दिनपछि अकस्मात् दाजुले उक्त दिन टेलिफोन गरेर भन्नुभयो, "लौ भाइ, आज मुमाज्यूले हामीलाई छोडेर बिदा हुनुभयो ।"

यस दुःखद खबरले मलाई अत्यन्त मर्माहत बनायो । अन्तरहृदयमा आफू टुहुरो समेत भएको महसुस भयो । तुरुन्तै संयमित भएँ । आफ्नी जीवन सङ्गिनीसँग आवश्यक सरसल्लाह गरेँ । सम्भव भएसम्म सोही राति नै उहाँको पार्थिव शरीर दर्शन गर्न र आफ्नै कुल परम्परा अनुसारको अन्तिम संस्कार गर्न काठमाडौंबाट सपरिवार प्रस्थान गर्ने निर्णय गर्‍यौं । हुनत यतातिर भतिजा, भतिजी र बुहारी पनि थिए । उनीहरूसँग पनि फोन सम्पर्क गर्‍यौं । उनीहरू भोलिपल्ट हवाइजहाजबाट जाने खबर प्राप्त भयो । अन्ततः हामी छोरी र बहिनीसहित चारजना सोही राति नै



Downloaded from http://www.dhamma.digital

जाने निधो भयो । तत्काल मेरो अत्यन्तै हितैषी कल्याणमित्र पुष्पधनको सम्झना भयो । उसलाई पनि यस दु:खद खबरको जानकारी दिनुपर्‍यो भनी फोन गरें । खबर सुनाएँ, दु:खी भएर कि अहिले नै जाने त भनी मलाई सोधनी भयो । म एकातिर अचम्मित र अर्कोतिर खुशी पनि भएँ, किनकि मैले सोचेको थिएँ कि ऊ विराटनगरमा नै होला । तर, वास्तविकता अर्कै रहेछ । ऊ यतै काठमाडौंतिर नै रहेछ । उसले नै सबै चाँजोपाँजो मिलाएर मलाई सम्पर्क गर्ने र सोही राति नै जाने प्रबन्ध सहितको कुराकानी टुङ्ग्याइयो । अन्ततः केही क्षण पश्चात् करिब ९ बजेको समयमा "लौ, तयार होऊ, म लिन आउँदै छु ।" भनी फोन आयो । हामी पनि उसकै फोनको प्रतीक्षामा थियौं । तत्पश्चात् करिब १५ मिनेटपछि हामी काठमाडौंबाट स्वर्गीय आमाको पार्थिव शरीरको अन्तिम दर्शनार्थ धरानतर्फ प्रस्थान गर्‍यौं ।

रातको यात्रा त्यति सहज त थिएन । तथापि हाम्रा कर्मदाता बुबाज्यूले भन्ने गर्नुभएको आशिर्वचन 'हामी जुनसुकै परिस्थितिमा पनि संयमित भइ धैर्यतापूर्वक अघि बढ्नु पर्दछ' भन्ने र बुद्धवचन 'अनिच्चावत् संखारा' शब्दलाई मनन् गर्दै अगाडि बढ्यौं । तपाईं हामी जोकोहीले पनि आखिर जीवनको त्यही स्वभाव धर्मलाई अंगिकार नगरी सुखै नहुने कुरालाई बारम्बार स्मरण गर्दै गइरहँदा कहिले सुखानुभूति हुने त कहिले दु:खानुभूति पनि भइरह्यो । रात लामो र यात्रा झन् लामो भएजस्तो महसुस भयो । तर, जेहोस्, विधिको विडम्बना समयलाई कसले पो नियन्त्रण गर्नसक्छ र ? निश्चित समयपछि बिहानको करिब ६ बजेतिर हामी आफ्नो गन्तव्यमा पुग्न सफल भयौं ।

सर्वप्रथम त मेरो अन्तरहृदयले हामीलाई रात-साँझ नभनी सकुशल गन्तव्यमा पुर्‍याइदिने मेरा अनन्य धर्मपासा, कल्याणमित्र पुष्पधन शाक्यप्रति आभार प्रकट गर्दै मुरीमुरी धन्यवाद दिन्छु । ऊ पनि पुनः दिउँसो हुने शवयात्रामा सहभागी हुन आउने प्रतिबद्धता जनाई आफ्नो गन्तव्यका लागि हामीबाट बिदा भयो । अन्ततः हामीले पनि शवयात्राका लागि आवश्यक तयारी गर्नु सिवाय अन्य विकल्प नै के पो थियो र ? सपरिवार



Downloaded from http://www.dhamma.digital

आफन्तजनसहित तयारीमा जुट्यौं । अपरान्ह करिब २ बजेतिर बौद्धसंस्कार अनुरूप शवयात्रा गरी खत्रीधारास्थित घाटमा दाहसंस्कार गरियो ।

हामीले थाहा पाएसम्म हाम्रो परिवारका पहिलो पुस्ताका सदस्यहरू मध्ये हाम्री जिजुमुमा हर्षथकुँ शाक्यको बौद्ध परम्परा अनुसार तेस्रो वृद्धजँकु (पास्नी) पश्चात् वि.सं. २०२४/०२५ सालतिर देहवसान भएको थियो । अझ उहाँ भन्दा अगाडि हाम्री हजुरमुमा भक्तलक्ष्मी शाक्यको २००९ साल भदौ १९ गते नै देहवसान भइसकेको थियो । हामीले त उहाँलाई दर्शन गर्ने मौका पनि पाएनौं । त्यस्तै वि.सं.२०३७ जेठ महिनाको १८ गते हामीले हाम्रा हजुरबुबा मुनिराज शाक्यलाई पनि यस धर्तीबाट बिदादिनु पऱ्यो । तत्पश्चात् हाम्रो संयुक्त परिवारको संरचनामा पनि क्रमभङ्गताले निरन्तरता पायो । यसै बिच वि.सं. २०४२ कार्त्तिक ९ गते हाम्रै परिवारका सदस्यका नाताले ठुलोबुबा भिक्षु विवेकानन्द महास्थविरको पनि ६९ वर्षको उमेरमा भक्तपुरको बौद्धसमकृत विहारमा निधन भयो । २०५३ साल कार्तिक ५ गते विजयादशमीको दिन हाम्री फुपूहरूमध्ये जेठी देवी कुमारी शाक्यको पनि करिब ८३ वर्षको उमेरमा निधन भयो । यस भन्दा अगाडि झण्डै वि.सं. २०२९ तिर हुनुपर्छ, हाम्री कान्छी फुपू धनलक्ष्मी शाक्यको पनि निधन भइसकेको थियो । समयबित्दै जाँदा सम्वत् २०६६ सालको पुस २३ गते ८६ वर्षको उमेरमा साहिँली फुपू सिद्धिकुमारी शाक्यको पनि निधन भयो । समय निरन्तर रूपमा अगाडि बढिरहेको थियो । २०६४ सालतिरको कुरा हो, बुबाज्यूलाई पार्किन्सन्स् (नसा सम्बन्धी) रोगले सतायो । उपचारको क्रममा फेरि जापानी इन्सेफलाइटिसले आक्रमण गऱ्यो । करिब २३ दिनसम्म अस्पतालको बेडमा बस्न बाध्य बनायो । उपचारपश्चात् सामान्य अवस्था भएपछि अस्पतालबाट बिदा भयौं । तर, बुबाज्यूसँगको उक्त अस्वस्थताको करिब ७ वर्षसम्मको पारिवारिक वातावरणमै हेरचाह पछि २०७१ वैशाख ११ गतेका दिन हामीमाथि ठूलो बज्रपात भयो ।

बुबाको निधन पश्चात् एकल महिलाको रूपमा रहनु भएकी ममतामयी मातासँग करिब ५ वर्षसम्म पारिवारिक वातावरणमा घुलमिल



Downloaded from http://www.dhamma.digital

भई स्नेहसिक्त हुने अवसर पायौँ । अन्ततः उहाँ पनि फोक्सोको अर्बुद रोगसँग सङ्घर्ष गर्दागर्दै करिब २ वर्षको सङ्घर्ष पछि मिति २०७६ साल माघ २१ गते हामीलाई टुहुरा बनाई इहलोक छाडी परलोक गमन गर्नुभयो। मातृत्व स्नेहबाट वन्चित हुनुपर्दाको अवस्थाले मनमा कौतूहल उत्पन्न गरायो। त्यसैको फलस्वरूप जन्मदाता एवम् कर्मदाता आमाबुबाका हामी सन्तानप्रतिको गुनको ऋण त सायदै हामी छोराछोरीले तिर्न सक्छौँ । तथापि उहाँहरूको सुगति निर्वाणको कामना गरी एक पुस्तक प्रकाशन गरी धर्मदान गर्न पाइएमा यस बेचैनी मनमा शान्ति पलाउनका अतिरिक्त दशांशमा एक अंश भएपनि ऋण तिर्न सकिएला कि भन्ने सोच पैदा भयो । त्यही सोच अनुसार मलाई पुस्तकको छनोटको लागि घच्घचाउन थाल्यो । आफूलाई पनि बौद्धशिक्षा र साहित्यमा केही अभिरुचि भएको र बौद्ध परियत्ति शिक्षाको प्रचार-प्रसार एवम् प्रवर्द्धन कार्यमा औपचारिक अनौपचारिक तवरले बेला बखत संलग्न हुँदै आइरहेको हुनाले यसैसँग सम्बन्धित कुनै एक पुस्तिकाको सम्पादन तथा अनुवाद गरी प्रकाशन गर्ने विचार उत्पन्न भयो ।

संयोगवश परियत्ति शिक्षाका परीक्षा नियन्त्रक गुरुवर भन्ते बोधिज्ञान महास्थविरज्यूले केही समय पहिले परियत्ति शिक्षा कै प्रवेश प्रथम तहको पाठ्यक्रममा समाविष्ट नेपालभाषामा लिखित 'मां बौया सेवा' नामक पुस्तकको नेपालीमा अनुवाद गर्न आज्ञा गर्नुभएको थियो । पछि उक्त पुस्तक नेपाली भाषामा अनुवाद भइसकेको र पाठ्यपुस्तकमा समेत समावेश भइसकेको जानकारी दिनुभई तत्काललाई स्थगन गर्न सुझाव दिनुभएको थियो । हाल मुमाज्यूको निधनपछि सोही पुस्तक प्रकाशन गरी धर्मदान गर्ने पुण्यकार्यमा लाग्न मेरो दिव्य चक्षुले निर्देश गरे अनुसार सोही स्थगित प्रकियाले निरन्तरता पायो। मैले गुरु भन्तेलाई फेरि सम्पर्क गरी आफ्नो विचार प्रस्तुत गरेँ । उहाँले मेरो प्रस्तावलाई निःसर्त स्वीकार गर्नुभई धर्मदानका लागि केही फरक नपर्ने कुरा गर्नुभयो। साथै, 'आमाबुबाको सेवा' नामक यस पुस्तकले विद्यमान समाजलाई अझ सही तरिकाले पारिवारिक जीवन व्यतीत गर्न यथेष्ट टेवा पुग्न जाने कुरामा



Downloaded from http://www.dhamma.digital

निश्चिन्त भई आफैंले यसको अनुवाद गरी प्रकाशन गर्ने जमर्को गरेको छु । यस सत्कार्यले बौद्ध साहित्य भण्डारमा एक ईंटा भएपनि परिपूर्ति हुन जाने हुनाले मलाई यस पुण्यकार्यमा अग्रसर हुन थप प्रेरणा मिलेको छ । आजको एकल परिवारको संरचनामा आमाबुबाप्रति छोराछोरीको स्नेह, माया-ममता एवम् सद्‌भावको कमीले आजको समाजमा देखिएको विकराल पारिवारिक वातावरणमा केही हदसम्म भएपनि टेवा पुग्न जाला कि भन्ने सोचले गर्दा मूल लेखक श्रद्धेय भिक्षु सुदर्शन महास्थविरद्वारा वि.सं २०२३ मा प्रथम संस्करणका रूपमा नेपालभाषामा लिखित एवम् प्रकाशित 'मां बौया सेवा' नामक पुस्तिकालाई नेपालीमा अनुवाद गर्ने यो प्रयत्न गरेको हुँ ।

यो पुस्तक तयार पार्ने क्रममा अनुवादको सैद्धान्तिक ज्ञानमा पोख्त नभएको लेखाइमा थुप्रै भाषिक अशुद्धि हुनसक्ने कुरा स्वाभाविकै हो । तसर्थ भाषाशैली र शुद्धतामा निखार ल्याई परिपक्वता प्रदान गर्नका लागि कुनै एक भाषा शास्त्री तथा भाषाविद्‌को खोजीमा भौंतारिरहेको थिएँ । संयोगवश विश्वमा फनै कोरोना भाइरस नामक महामारी रोगले गाँजेको बेला विश्वको दैनिकी नै उथलपुथल भई अस्तव्यस्त भइरहेको अवस्थामा नेपाल पनि त्यसबाट अछुतो थिएन । विश्वका दैनिक क्रियाकलापहरूमा धमाधम रोक लाग्दै आइरहेको थियो । सोही क्रममा नेपालमा पनि दैनिक गतिविधिहरूलाई बन्दाबन्दी गर्ने सरकारी निर्णय धमाधम प्रसारित हुन थालेका थिए । यही चुनौतीलाई अवसरका रूपमा सदुपयोग गर्ने हेतुले आफूले अनुवाद गरेर खेस्राको रूपमा उतारेको पाण्डुलिपिलाई टाइपिङ गराउने प्रयोजनका लागि छोरी डा. प्रमिना शाक्यलाई प्रस्ताव गरें । छोरीले पनि सहर्ष स्वीकार गरी आफ्नो ज्ञान र क्षमताले भ्याएसम्म सम्पादन समेत गरी टाइपिङ समापन गरिदिइन् । सकेसम्म उक्त पाण्डुलिपिलाई परिवारका सबै सदस्यहरूमा पनि जानकारी दिलाउने हेतुले छोरी प्रमिना मार्फत नै भाइ सुदीप शाक्यलाई सम्प्रेषण गर्न लगाएँ र भाइ मार्फत नै दाइ लगायत अन्य सन्ततीहरूमा पनि जानकारी दिलाउन लगाएँ । भाइबाट सोही अनुसार प्रक्रिया अगाडि बढाइएको खबर प्राप्त भइरह्यो ।



Downloaded from http://www.dhamma.digital

पुस्तक प्रकाशनकै सन्दर्भमा भाषा सम्पादन गराउनका लागि अनेक उपाय सोच्दासोच्दै छोराछोरीलाई भ्यालीभ्यु इङ्लिस स्कुलमा नेपाली भाषा शिक्षण गराउँदै आउनुभएका त्यहाँका प्राचार्य श्री सुभाषचन्द्र भण्डारीज्यूलाई झल्याँस्स सम्झिएँ। उहाँ शिक्षकका साथै नेपालका एक चर्चित कवि, साहित्यकार एवम् भाषा-सम्पादक पनि हुनुहुन्छ भन्ने कुरा मलाई पहिलेदेखि नै जानकारी थियो। उहाँको भाषा-साहित्यप्रतिको अनुराग पनि मेरा मानसपटलमा घुम्नपुग्यो। मैले तत्कालै समस्याको समाधानको बाटो पत्ता लागेको महसुस गरेँ। भाषाशैली र शुद्धतामा उहाँको सहयोग प्राप्त हुनसकेमा मेरो मनको चाहना चरितार्थ हुने कुरामा विश्वस्त भई उहाँलाई अनुरोध गर्ने निर्णय पनि गरेँ। सर्वप्रथमत यस विषयमा मैले छोरीसँग नै परामर्श गरेँ। गुरु सुभाषचन्द्र भण्डारीज्यूको समय अनुकुल भए त निकै राम्रो हुन्छ भन्ने कुरामा छोरीबाट समेत राय आयो। छोरी डा. प्रमिनाले गुरुलाई सोध्नुहोस् न भनी सल्लाह दिए पश्चात् तुरुन्त गुरुवरको प्रोफाइल आइडीबाट फोन नम्बर प्राप्त गरी तत्कालै सम्पर्क गरेँ र उहाँ समक्ष आफ्नो मनको नालीबेली बताएँ। उहाँले पनि एकै वचनमा सहर्ष स्वीकार गर्नुभई पाण्डुलिपि तुरुन्त इमेल मार्फत पठाइदिन सुझाव दिनुभयो। आफूलाई चाहिँ कम्प्युटरको सामान्यज्ञान भएतापनि सन्देश आदान-प्रदान गर्न अल्छी र झन्झट लाग्ने भएका कारण पुनः छोरीकै सहायताले इमेल गरी पठाउन लगाएँ। प्राविधिक समस्याका कारण उक्त प्रयासमा अवरोध सिर्जना भएपछि पुनः गुरुवरले दिनुभएको सल्लाह अनुसार कम्प्युटर टाइपिङको लिपि परिवर्तन गरेर पठाउन भाइको सहारा लिएँ। र, भाइबाट पनि बन्दाबन्दीको अवसरलाई सदुपयोग गरी इमेल पठाइएको जानकारी प्राप्त भयो। त्यसपछि गुरुवरले पुनः आफ्नो सुझाव अनुरूप सो पाण्डुलिपिको आद्योपान्त अध्ययन गरी अथक मिहिनेतका साथ भाषिक शुद्धीकरण गरी मिठासपूर्ण शैलीमा पुनर्लेखन सहित प्रकाशनका लागि यो पुस्तक तयार पारिदिनु भयो। यस पुनीत कार्यमा उहाँका तर्फबाट प्राप्त भएको अमूल्य सहयोगका लागि सपरिवारका तर्फबाट आभार प्रकट गर्नुका साथै उहाँ लगायत उहाँका



Downloaded from http://www.dhamma.digital

परिवारजनको सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको मङ्गलमैत्री कामना सहित साधुवाद व्यक्त गर्दछु ।

पुस्तक प्रकाशनकै सिलसिलामा मिहिनेतपूर्वक कम्प्युटर टाइप गरेर सहयोग गर्ने मेरा सहोदर भाइ सुदीप शाक्य र छोरी प्रमिना शाक्यलाई पनि सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगति-उन्नतिको मङ्गलमैत्री कामना सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसै क्रममा यस पुनीत कार्यका लागि सहर्ष स्वीकार गरी काय, वाक, चित्तबाट प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग गर्ने मेरो परिवारका सम्पूर्ण सदस्यहरू पनि धन्यवादका पात्र हुन पुगेका छन् ।

अन्ततः पाठ्यपुस्तकको रूपमा अनुवाद गर्नकै लागि आज्ञा हुँदाहुँदै धर्मदानको रूपमा पुस्तक प्रकाशन गर्न घच्घचाउनु हुने श्रद्धेय गुरुवर भन्ते बोधिज्ञान महास्थविरज्यूबाट प्राप्त असीम प्रेरणाका लागि उहाँप्रति सगौरव, सभक्ति साधुवाद तथा कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै, यस पुस्तक प्रकाशनका क्रममा आफूलाई मनमा लागेका दुई चार शब्दरूपी पुष्पहरू मन्तव्य स्वरूप अर्पण गरिदिनु भएकोमा अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय मैत्री महास्थविरज्यू, विश्व शान्ति विहार प्रमुख एवम् बौद्ध परियत्ति शिक्षाका परीक्षा नियन्त्रक श्रद्धेय बोधिज्ञान महास्थविरज्यू, विश्व शान्ति बौद्ध शिक्षालयका प्राचार्य भिक्षु निग्रोधज्यूप्रति पनि हार्दिक कृतज्ञता सहित साधुवाद अर्पण गर्दछु । स्तरीय छपाइ गरी समयमै कार्यसम्पादन गर्ने आइडियल प्रिन्टिङ्ग प्रेसलाई पनि धन्यवाद व्यक्त गर्दै पाठकवर्गबाट अमूल्य सुझावको अपेक्षा गर्दछु ।

धन्यवाद !

**प्रदीप शाक्य 'घोषक'**
२०७७ माघ १८
नयाँ वानेश्वर, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# सुगति निर्वाण कामना

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपजित्वा निरूज्झन्ति तेसं ऊपसमोसुखो ।।



**स्व. मोतिलाल शाक्य**

जन्म : १९८४ असोज ९ गते, कृष्णपक्ष चतुर्दशी, शनिबार
दिवंगत : २०७१ वैशाख ११ गते, कृष्णपक्ष दशमी, बिहीबार

Downloaded from http://www.dhamma.digital

# सुगति निर्वाण कामना

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।**
**उपजित्वा निरूज्झन्ति तेसं ऊपसमोसुखो ।।**



**स्व. बालकुमारी शाक्य**

जन्म : १९९५ भाद्र ३ गते, कृष्णपक्ष अष्टमी, शुक्रबार
दिवंगत : २०७६ माघ २१ गते, शुक्लपक्ष दशमी, मंगलबार
वार्षिक पुण्यतिथि : २०७७ फागुन १० गते, सोमबार

Downloaded from http://www.dhamma.digital

# मांयात लुमंका

जन्म जुल मां छंगु, तीन भाद्र १९९५ दँस,
तिथि जुल कृष्ण जन्माष्टमी, न्हि जुल शुक्रबार,
थाय् खः पूर्वी पहाडी लागा, वल्लो बजार ओखलढुङ्गा
लिक्कयागु भिंद्यो सहितं, याना मंकाः प्राकृतिक सुन्दरता ॥१॥

नां दत बालकुमारी, निम्हम्ह म्ह्याय्मचा जुया,
मांया नां लक्ष्मी थकुं, बाः जुल भाजु हर्कराज,
जवंखवं निम्ह दाजुपिं, इपिं खः सिद्धि व गणेश,
न्ह्यानाच्वन छंगु थुकथं हे, मचाबलय्या जीवन ॥२॥

बौ मदेयका नसंचा इलय् हे, जुइमाल हाःनाः मदुपिं थें
कया लिधंसा पाजुखलःपिनिगु, हिला थाय्बाय् बुईपा बजारय्,
दया व स्नेहं बिलिबिलि जाःपिं, पाजुपिनियागु करुणा दृष्टिं,
जुल शुरु लजगा अनसं हे, प्वंकाः क्वातुक्क थःगु हिचःति ॥३॥

शुक्लपक्षया तिमिला थीथें, जुयावल वैंश छंगु यौवन
धाय्के वल छन्हु कुमार मोतियापाखें, भिं इहिपाःया खँ ज्वना,
याना पारिवारिक सहलहकथं, क्वछित म्ह्याय्मचा लःल्हायेगु,
सम्पन्न जुल भिं इहिपाः नं, सम्बत् २०१० दँ घ्यःचाकु संल्हूकुन्हु ॥४॥

छम्ह म्ह्याय् मचायागु जीवनं, ह्यूपहः काल वैवाहिक जीवनय्,
वनेमाःगु जुल थःछैं त्वःता परयागु, जिल्ला भोजपुर टक्सार बजारय्
च्वना थःगु पतिब्रता सत्य धर्मय्, हना क्वातुक्क व्यवहारिक जीवन,
हिला थःगु म्हसीका म्ह्याय्मचाया, जुया भौमचा छम्ह सुयोग्यम्ह ॥५॥

बुलुहुँ ई न्ह्याना वंथें, शुरु जुल न्हूगु व्यवहारिक जीवन,
हिला भूमिका भौमचाया नं, बिल जन्म मां जुया खुम्ह सन्तान,
जुल दक्वसिबय् न्हापायाम्ह सन्तान, धायेका काय्मचा शाक्य कमल,
ल्यू हाकनं निम्हम्ह सन्तान, बिया जन्म म्ह्याय् मचायात ॥६॥

न्ह्यानाच्वन सलल पारिवारिक खुसि, स्वया निम्ह मस्त कतांमरीथें जाःपिं,
परिवारजनया सुखय् नं दुखय् नं, च्वनाच्वन नुगलय् न्ह्याइपुक्क इपिं,



Downloaded from http://www.dhamma.digital

न्ह्यां वनाच्वन ई लय्लय् ताय्का, मखं वइच्वंगु माररुपी मृत्यू,
यंकल लाका म्ह्याय्मचा उम्ह, ल्यूल्यू वइच्वंम्ह यमराजं छन्हु ॥७॥

अथे हे स्वम्हम्ह सन्तानया रुपय्, बिल जन्म छं काय्मचा प्रदीप,
च्याका ईताय् जीवन प्रदीपया, ब्वलंकाच्वन थुपिं सन्तान निम्ह,
न्ह्याकाच्वन थुकथं थःगु जीवन, बिया भलसा थम्ह जहान यात,
जुल थुइका जगतयात, कया शिक्षा सम्यक सम्बुद्धया ॥८॥

लिपायागु दिनसं प्यम्हम्ह मचाकथं, बिया सन्तान नां छुना ज्ञानी
नापं हे ल्यूल्यू न्याम्हया रुपय्, छुत नां म्ह्याय्मचाया पदमदेवी,
जीवन घःचाःयात ल्यूल्यू सासां, ग्यसूलाक्क वनेगु हाकनं तातुना,
बिल जन्म दक्कसिबलय् लिपा, नां दन सुदीप उम्ह काय्मचाया ॥९॥

यात छं लालन पालन, थुपिं दक्व मचाखचाया,
भ्याः भतिचा हे छुं मल्यंकुसे, प्वंकाः मांया असिम मतिना,
याना बिल दश कर्मादी कार्य नं, दक्वसित शिक्षादीक्षा बिया,
स्यना बिल यायेमाःगु फुक्कं कर्म, मांबौया कर्तव्य भाःपिया ॥१०॥

जुल छ जिमिगु जीवनया सार, अथे हे जिमिगु तःधंगु लिधंसा,
पिब्वया च्वन छं समभाव उतिकं, काय्म्ह्याय् सकल समान खंकाः
न्यन्यं मांया उपदेश थुकथं, जुइफत जिपिं नं धन्य धायेका,
चुइफत तुतिं थुगु धरतिइ, फुक्कस्यां चित्तय् बांलाः तायेका ॥११॥

त्रिरत्नया शरणय् ववं, न्ह्यानाच्वंगु थुगु जीवन,
जाति, जरा, ब्याधि, मरणं, मुक्त जुइगु लँपु क्यना,
अनित्य स्वभावयात बोध यायां, च्वनेमाल छ त्याप्प जुइका ॥१२॥

न्ह्याक्व हाःसां न्ह्याक्व ख्वःसां, डाक्टर वैद्यया थीथी वासः नःसां,
यायेमफुत ब्याधिं मुक्त छन्त, दिपाः मकाःसें सुसाःकुसाः याःसां
फैमखु खनी सुनांनं हाचां गाय्, विधिया विधानयात
वन छं त्वःताः जिमित थनसं, ज्वना लँपु छन्हु साक्षात्कार निर्वाणयात ॥१३॥

**प्रदीप शाक्य 'घोषक'**
ने.सं. ११४० सिल्लाथ्व द्वादशी, बिहीबार,
बि.सं. २०७६ माघ २३, धरान-१५, सुनगाभा मार्ग



Downloaded from http://www.dhamma.digital

# विषय सूची


| सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | आमाबुबाको अर्थ | २३ |
| २. | आमाबुबा नै ब्रह्मा | २३ |
| ३. | मातृ-ममता | २४ |
| ४. | आमाबुबा नै पूर्वाचार्य | २७ |
| ५. | अवज्ञाकारी सन्तानको दुर्गति | २८ |
| ६. | आमाबुबाको वचनको अनुसरण | ३० |
| ७. | मातृत्व, धर्म र प्रेमभाव | ३२ |
| ८. | आमाबुबाको सेवाबाट सुगति | ३५ |
| ९. | आमाबुबाको सेवा नै बुद्धको आदर्श | ३५ |
| १०. | राहुलको आदर्श | ३६ |
| ११. | सारीपुत्रको आदर्श | ३८ |
| १२. | मातृसेवक हात्तीको प्रतिमा | ४० |
| १३. | वृद्धावस्थामा आफ्ना सन्तान नै सहारा | ४२ |
| १४. | आमाबुबालाई पिट्दाको विपाक | ५० |
| १५. | श्रृगालपुत्रलाई उपदेश | ५२ |
| १६. | चार प्रकारका कर्मक्लेश | ५३ |
| १७. | चार पाप कर्म नगर्नेहरूको वृद्धि | ५३ |
| १८. | धनसम्पत्ति नाश हुने छ ओटा कारणहरू | ५३ |
| १९. | छ ओटा दिशाको नमस्कार | ५३ |
| २०. | केही पारिवारिक फोटोहरू | ५४ |




Downloaded from http://www.dhamma.digital

# आमाबुबाको अर्थ

जब यस पावन धर्तीमा कुनै शिशुको जन्म हुन्छ, तब जन्मिनेबित्तिकै उसले पीडाको अनुभूति गर्छ र रुन थाल्छ । यसरी संसारमा पदार्पण गरेको नवजात शिशुले सबभन्दा पहिले आमाको ममतामयी काखको आड लिन्छ । आमाको काख अरूको लाख भनेझैं आमाको वात्सल्यमयी कोख पाएर उसले रुन बन्द गर्छ। बालकले सबैभन्दा पहिलो प्यास आमाको दुधबाट मेटाउँछ ।यसरी सर्वप्रथम उसले आफन्तका रूपमा आमालाई नै प्राप्त गरेको हुन्छ। अर्थात् उसको पहिलो साक्षात्कार आमासँग नै हुन्छ । त्यसपछि मात्र बिस्तारै उसको मिलन आफ्ना बुबासँग हुन्छ ।तसर्थ जीवनका सन्दर्भमा आमाबुबाको अर्थ यहाँ केलाइरहनु जरुरी छ जस्तो लाग्दैन। हेर्न र बुझ्न सकिन्छ कि 'आमा' र'बुबा'शब्दलाई यस संसारमा केही नजान्ने अबोधदेखिप्रबुद्धवर्ग समेतले आजीवन श्रद्धापूर्वक जपिरहेका हुन्छन्। आमाको ममता बोध नगर्ने शिशु के शिशु ? शिशुका बालसुलभ गुण नजान्ने आमाबाबु के आमाबाबु ? कसैले कसैलाई आमाबुबाको अर्थ सोध्न जरुरी छैन । यदि कसैले सोधिहाल्यो भने उसैलाई सोध्नुहोस्- "आमाबुबाको अर्थ के हो त?"

# आमाबुबा नै ब्रह्मा

आमाबुबा आफ्ना सन्तानका प्रथम स्वत्वका निर्माता हुन्। त्यसपछि पनि आमाबुबाले सन्तानलाई हुर्काउन, बढाउन, जीवनयापन गर्न सक्षम तुल्याउन अनेक दुःख कष्ट झेलिरहेकै हुन्छन् ।मानिसले छोराछोरीको भविष्य भास्वत् गर्ने चाहनाका लहरामा लहरिएर दुःख-कष्ट भोग्ने कुरा नै संसारिक दुःख-कष्टको मूल जरो हो भन्दा अत्युक्ति नहोला । यसरी आमाबुबाले आफ्ना सन्तानका निम्ति दुःख-कष्ट भोग्नुको बयान जति गरे पनि अनन्त हुने भएकाले आमाबुबाको गुण पनि अनन्त र सर्वोपरि छ भनिएको हो। आमाबुबा नै ब्रह्मा हुन् भन्ने कथनलाई बौद्धसाहित्यमा अति मनपराइएको छ। किनकि आमाबुबा सृष्टिकर्ता, पालनकर्ता र सम्भारकर्ता हुन् ।

आमाबुबालाई ब्रह्मा भन्नुको कारण अर्को पनि छ। बौद्धदर्शनमा ब्रह्मा त्यसलाई भनिन्छ, जससँग मैत्री, करुणा, मुदिता र उपेक्षाको प्रतिफल स्वयम् अर्थात् आफैं भएको हुन्छ । आमाबुबाका अन्तर्मनमा भएका यी चारओटा गुणले सन्तानलाई सधैं छहारी दिइरहन्छन्। त्यसैले आमाबुबालाई ब्रह्मा भनिएको हो ।



Downloaded from http://www.dhamma.digital

'मैत्री'कलह वा विग्रहको विपरीत गुण हो । यो प्रेमपूर्ण वातावरणमा मात्र जीवन्त रहन्छ । त्यसैले बुद्धले मैत्री भावनामा यसकै आदर्श वा नमुना उदाहरणस्वरूप प्रस्तुत गर्नुभएको छ । आमाले जसरी आफ्नो ज्यानको कुनै पर्बाह नगरी आफ्ना सकल सन्तानको रक्षा गर्दछिन्, त्यसरी नै प्राणीहरूप्रति पनि असीम प्रेम-भाव प्रकट गर्दछिन् । आमाबुबाको स्नेहलाई बुझ्नका लागि हामीले बघिनीले आफ्ना सन्तान डमरूलाई आनन्दपूर्वक दूध चुसाइरहेको दृश्य हेर्नुपर्छ । बाघ कति हिंस्रक प्राणी हो भन्ने कुरा त सबैलाई थाहा छँदै छ, तर पनि उक्त बघिनीले आफ्ना बच्चाले लातले हानी हानी दुध चुसेकोमा पनि आनन्दित भएर बसेको देखिन्छ । यहाँनेर बघिनीलाई एक दयालु आमाको अवतारका रूपमा हामीले पायौं । अर्को कुरा हामीलाई थाहा छ- कुकुरले केही चीज खान पाए भनेपछि ङ्यारङ्यारङ्रङ्र गरेर एक-आपसमा झगडा गर्न सुरु गरिहाल्छन् तर माउ कुकुर्नीले भने आफ्नो मुखभित्रपसिसकेको खानेकुरा पनि कुद्दै आएर आफ्ना छाउराछाउरीलाई ओकलेर पनि खुवाएको देखिन्छ । आमा साक्षात् राक्षसनी नै भए पनि मातृत्व र ममताको सन्दर्भमा भने उच्च मानवीय नै हुन्छ ।

## मातृ-ममता

मातृ-ममता के हो र कस्तो हुन्छ ? भन्ने कुरा बुझ्नका लागि पालि भाषाको साहित्यमा प्रस्तुत एक जातक कथालाई यहाँ उदाहरणका रूपमा साभार गरिएको छ :

एक समयमा वाराणसी राज्यमा ब्रह्मदत्त राजाले राज्य गरिरहेका थिए । एकदिन उनकी पटरानीले अनाचार वा निन्दनीय कार्य गरिन् । ब्रह्मदत्त राजाले त्यस विषयमा आफ्नी पटरानीलाई प्रश्न गरे । राजाले सो कुरा सोध्नेबित्तिकै रिसाएर रानीले जवाफ दिइन्, "यदि मैले त्यस्तो कुनै अनाचार गरेको भए सधैं रोएर बस्नुपर्ने यक्षिणीको रूपमा जन्म लिनु परोस् ।"

कालान्तरमा ती पटरानीको मृत्यु भयो । वास्तवमा दुराचार गरेर पनि आफैँले त्यस्तो झुटो वाचा बोलेको हुनाले तिनले सोही पापको फलस्वरूप एक पर्वतीय प्रदेशमा यक्षिणीको रूपमा जन्म लिन पुगिन् । साथै,तीन योजन (योजनको अर्थ: कोसको चार गुना) चौडाइ र पाँच योजन लम्बाइ भएको उक्त क्षेत्रभित्र त्यहाँ प्रवेश गर्ने जति सबै प्राणीलाई खान पाउने उनको अधिकार भयो ।



Downloaded from http://www.dhamma.digital

एकदिन एक अति सम्पन्न अर्थात् महाजन ब्राह्मण धेरै मानिसहरूका साथमा त्यस क्षेत्रमा आए । यक्षिणीले तिनलाई देखेपछि हाँसीहाँसी ती मानिसहरूलाई समात्न खोजिन् । सबैजना डराएर भाग्न थाले । त्यसैबेला यक्षिणीले एकजना ब्राह्मणलाई समातेर ल्याइन् । तिनलाई यक्षिणीले आफ्नो पिठ्यूँमा राखी बोकेर गुफामा ल्याउँदै गर्दा प्राप्त स्पर्शका कारण तिनका मनमा कामचित्त उत्पन्न भयो । तसर्थ ती ब्राह्मण पुरुषलाई नखाईकन तिनले आफ्नो स्वामी बनाएर राखिन् । तब उप्रान्त तिनले एक-आपसमा मेलमिलापपूर्वक जीवन व्यतीत गरिरहे । त्यसपछिका दिनहरूमा यक्षिणीले मानिसहरूलाई समात्दा उनीहरूसँगं भएका सबै खानेकुराहरू आफ्नो लोग्नेलाई दिन्थिन् र आफूले मासु मात्र खान्थिन् । आफू बाहिर जाने बेलामा स्वामीलाई कुनै एक गुफामा थुनेर जान्थिन् ।

क्रमानुसार केही दिनहरू बितिसकेपछि तिनको कोखबाट एक बालकको जन्म भयो । उक्त शिशुलाई दुवैले खुब मायां पनि गर्थे । तर, उक्त शिशु ठुलो भइसकेपछि उसलाई पनि यक्षिणीले गुफामा थुनेर राख्न थालिन् । यो कुरा उनको जवान भइसकेको छोरालाई भने पटक्कै मन परेन । अतः उसले गुफामा बन्द गर्नका लागि आमाले प्रयोग गर्ने ढुङ्गालाई पन्छाएर बाहिर निस्कने गर्न थाल्यो ।

एकदिन आमाले यो कुरा थाहा पाएर उसलाई सोधिन्, “यो ढुङ्गा कसले पन्छाएको हो हँ?”

छोराले सिधा जवाफ दियो, “मैले पन्छाएको हुँ आमा ! किनकि, भित्र निकै अँध्यारो छ । बस्न साह्रै गाह्रो छ ।”

यक्षिणीलाई सो जवाफ कत्ति पनि मन परेन । तर, आफ्नो छोरालाई दुःख दिइहाल्न पनि यक्षिणीले सकिनन् । यसै सन्दर्भमा एकदिन छोराले आफ्नो बाबुलाई सोधे- “बुबा ! हजुर र आमाको रूपगुणमा धेरै अन्तर पाउँछु, किन होला ?”

बुबाले छोराको जिज्ञासाको जवाफ दिए,“बाबु, तिम्री आमा राक्षसनी हुन् । तर म मानव हुँ । मलाई तिम्री आमाले समातेर थुनिराखेकी छिन् । भागेर जाऔँ भने फेरि हामीलाई पनि अरूलाईझैँ खाइदेलिन् भन्ने डर छ । हामीले बाध्यताले यसरी यहाँ बस्नुपरेको छ ।”

Downloaded from http://www.dhamma.digital

छोराले सम्पूर्ण कुरा थाहा पाएपछि अर्को दिन आफ्ना बुबालाई लिएर त्यहाँबाट भागे । तर राक्षसनीले पछि पछि आएर उनीहरूलाई समातेर गुफामा फर्काई ल्याइन् । राक्षसनी रिसाएर कराउन थालेपछि लोग्नेले भने, "म भागेर गएको होइन, तिम्रै छोराले जाऊँ भनेर गएको हुँ ।"

यो कुरा सुनेर राक्षसनीलाई खुब रिस उठ्यो । तर पनि छोरालाई त के नै गर्न सक्थिन् र ? राक्षसनी भए पनि आफैँमा उनी एक आमा थिइन् ।बाबुछोराको यो क्रियाकलाप धेरै पटक दोहोरियो तर पनि उनीहरू भागेर जान सफल भएनन् । दिन बित्दै जाँदा एकदिन छोराले आफ्नी आमाको शक्तिक्षेत्रको परिधि अर्थात् निश्चित सिमाना भएको कुरा थाहापाए । त्यसपछि आमालाई फकाइफुलाइ गरेर आमाको सिमाना क्षेत्रबारे पूर्ण जानकारी लिए ।अर्को दिन आमा बाहिर गएको मौका छोपी बाबुलाई लिएर राक्षसनी आमाको सीमाक्षेत्र नाघेर उनीहरू बाहिर पुग्न सफल भए । राक्षसनीले उनीहरूलाई खोज्दै जाने क्रममा उनीहरू सिमाना बाहिर पुगिसकेको देखिन् । अनि, राक्षसनी रोईकराई गरेर भन्न थालिन्, "बाबु । तिमी किन गएको ? मैले तिमीलाई नपुऱ्याएको के पो थियो र ? आऊ, तिमी फेरि आऊ ! मलाई छाडेर नजाऊ, तिमी चाँडै फर्केर आऊ।"

"आमा, तपाईं राक्षसनी हुनुहुन्छ । हामी मानिस हौं । मानिसहरूलाई मानिसहरूकै बासस्थान र मानवोचित व्यवहार प्यारो हुन्छ," छोराले जवाफ दिए ।

"तर बाबु ! तिम्री आमालाई तिमी जति प्यारो लाग्छ, त्यति मानिसहरूलाई तिमी प्यारो नलाग्ला नि । त्यसैले बाबु ! तिमी फर्केर आऊ । तिमीबिना म एकछिन पनि बाँच्न सक्दिनँ ।"यसरी छोरोसामु आमाले आफ्नो मातृस्नेह पोखे पनि छोराले भने आमाको कुरालाई एकरत्ति पनि सुन्न चाहेन ।

राक्षसनीले फेरि पनि कर गरेर भनिन्- "बाबु! त्यसो नभन ! तिमी यतै बस । मैले तिम्रो अनुहार मात्र भएपनि हेरेर बस्न पाउनुपर्छ ।"

जवाफमा छोराले भने-"हामी मानिस हौं । मानिसहरूकै समूहमा बस्न चाहन्छौं ।"

फेरि राक्षसनीले भनिन्- "बाबु ! मानिसहरूको समूहमा बस्दा तिमीलाई पक्कै दुःख हुने छ । । तिमीले अहिलेसम्म मानिसहरूले गर्ने व्यवहार केही पनि सिकेका छैनौ ।"

Downloaded from http://www.dhamma.digital

जति भने पनि छोराले आफ्नी आमाको कुरा मान्न तत्पर नभएपछि अन्तत: यक्षिणीले आफ्नो छोरालाई सम्झाउन छाडेर बरु उसलाई काम लाग्ने एउटा पदचिह्न विद्या सिकाइ दिइन् । उक्त विद्याबाट बाह्र वर्ष अघि घर छाडेर गएको मानिसले पनि पदचिह्न हेरेर स्थान पत्ता लगाउन सक्थ्यो । छोरालाई सुखी र खुशी पार्नका लागि पदचिन्ह विद्या र आफूले जानेको चिन्तामणि मन्त्र पनि सिकाइदिइन् । तैपनि, राक्षसनीले आफ्नो मातृ-मनलाई भने सम्हाल्न सकिनन् । आमाबाट बिदा लिएर छोराले पाइला लम्काइहाले । आमाले छोरो त्यसरी आफूबाट सदाका लागि टाढा गएको दृश्य रोईरोई टुलुटुलु हेरेर बस्नुपऱ्यो । छोरो जति जति टाढिँदै गयो, आमाको हृदयको गति पनि त्यति त्यति व्याकुल हुँदै गयो । मन थाम्न नसकी मुटु नै फुट्ला जस्तो भयो । छोरो हिँडेको बाटोमा क्षितिजसम्म एक टकले हेरिरहेकी राक्षसनी आमाका गह आँसुले भरिएका थिए । यसरी आमाको मातृस्नेह आँसु बनेर द्रवीभूत भइरह्यो । यक्षिणी अब पलभर पनि उभिएर बस्न नसकी त्यहीं गर्ल्याम्मै लडिहाली । अन्तमा मुटुको व्यथाले राक्षसनीको प्राणपखेरू उडिहाल्यो । आमा राक्षसनी नै भएपनि आफ्नो सन्तानको मायाको कारण विछोडको वेदनामा परेर उनले मृत्युवरण गर्नु परेको कुरा चारैतिर फैलियो । यो कथा मातृ-ममताको असल दृष्टान्त नै बन्यो ।

आमालाई छोडेर बाबुसँगै हिँडेको छोराले पनि यसरी आमाको निधन भएको कुरा सुनेपछि पीडाबोध गरी बिचैबाटोबाट फर्किहाले । आफ्नी आमाको भुइँमा लडिरहेको मृत शरीरलाई उठाएर छोरोले आफ्नो काखमा राखी श्रद्धाका साथ आँखाबाट आँसुका धारा बगाइदिए । अनि, आफ्नी आमाको अन्तिम दाहसंस्कार र काजकिया गरी त्यो क्षेत्र छोडेर आफ्ना पुर्खाहरूको बासस्थान भएको वाराणसी देशतर्फ लागे ।

सबै जातकहरूमा प्रमुख आदर्श पात्र छोरा हुने उहाँ त बोधिसत्व नै हुनुहुन्थ्यो ।

## आमाबुबा नै पूर्वाचार्य

आमाबुबा छोराछोरीहरूका पहिलो गुरु हुन् । बाल्यकालमा छोराछोरीले सबभन्दा पहिला आमाबुबाबाट भाषा ज्ञान सिक्छन् । विचार गर्ने शक्ति प्राप्त गर्दछन् । विश्वास एवम् बुझ्न सक्ने बानीको विकास गर्दै जान्छन् । त्यसैले घर नै प्रत्येक छोराछोरीहरूको जीवनको पहिलो पाठशाला हो भने आमाबुबालाई



Downloaded from http://www.dhamma.digital

सबभन्दा पहिलो गुरु/गुरुआमा पनि भनिन्छ। पालि साहित्यमा पनि यही कारणले आमाबुबालाई पूर्वाचार्य अर्थात् पहिलो गुरुका रूपमा लिइएको छ।

आमाबुबाले आफ्ना सन्तानलाई कुन कुन विषयमा के के ज्ञान दिए भन्ने कुरा वर्णन गरी साध्य छैन। नवजात शिशुलाई लुगा लगाउनेदेखि लिएर बोलीभाषा, खानपान, दृष्टि, सुँघ्ने क्षमता, सुन्ने शक्तिलगायत खुट्टालाई राम्रोसँग टेकेर हिँड्न सक्ने तुल्याउनका लागि अथक प्रयत्न गरेका कुरा अनगिन्ती छन्। यसको कुनै लेखाजोखा नै छैन।

घरको शिक्षा यति महान् अर्थात् महत्त्वपूर्ण छ कि यसबाट सन्तानहरू वञ्चित नहोऊन् भनेर नै वास्तवमा थरीथरीका शिक्षाप्रद कथाहरू सिर्जना भएका छन्। यसरी घरको शिक्षाबाट वञ्चित नहुनेहरूलाई भएको लाभ र वञ्चित हुनेहरूलाई भएको हानि सबै आदर्श कथाका रूपमा रहे। वास्तवमा संसारको अनुभवद्वारा स्थापित विद्यालयबाट प्राप्त शिक्षाको प्रेरणाबाट प्रगतिपथमा लम्कन सफल र कुशल क्रियाकलापबाट अभिप्रेरित प्रेमपूर्ण शिक्षा आमाबुबाहरूका तर्फबाट आफ्ना सन्ततिहरूलाई प्रदान गर्नु वर्तमान समाजको पनि आवश्यकता देखिन्छ।

## अवज्ञाकारी सन्तानको दुर्गति

अनेक अनुभवहरूद्वारा प्रतिपादित विद्यालयबाट शिक्षाग्रहण नगर्ने सन्तानहरूको जीवनको गति के कस्तोहुन्छ भन्ने कुराको ज्वलन्त उदाहरण जातकका निम्न दुइओटा कथाबाट पनि पुष्टि हुन्छः

**पहिलो कथाः**

एक समयमा वाराणसी देशमा ब्रह्मदत्त नामका राजाले राज्य सञ्चालन गरी बसेका थिए। सोही बेला बोधिसत्वले सुगाको रूपमा जन्म लिन पुगे। जब उनका छोरा क्रमशः बढ्दै गएर ठुला भए, तब उनका आँखा कमजोर हुन थाले। किनकि उक्त सुगा बेतोडले उडेर हिँड्ने भएकोले उनीहरूका आँखा यसरी कमजोर भए।

एकदिनको कुरा हो, उसले आफू सधैं विचरण गर्ने प्रदेशबाट एउटा नयाँ द्वीप देख्यो। जुन द्वीप समुद्रपारि रहेको थियो। ऊ त्यहीँ घुम्न गयो। त्यहाँ आँपको



Downloaded from http://www.dhamma.digital

बगैँचा पनि थियो । त्यहाँ गएर उसले प्रशस्त आँप खाएर आफूले सकेजति आँप बोकी ल्याएर आमाबुबालाई पनि खुवाउन ल्यायो । आँपको एक टुक्रा मुखमा राख्नेबित्तिकै उसका बुबाले सोधे,"बाबु ! तिमीले समुद्रपारिको द्वीपबाट आँप त ल्याएनौ ?"छोराले पनि तत्कालै उत्तर दियो, "हो बा, मैले त्यहीँबाट आँप ल्याएको छु।" फेरि बुबाले अर्तीबुद्धि दिँदै भने, "बाबु, त्यो द्वीपमा जानेहरूको आयु लामो हुँदैन । त्यसैले अबदेखि तिमी त्यहाँ नजानू ।" तर, बुबाले भनेको कुरा छोराले मनमा कत्ति पनि राखेन । एकदिन फेरि पनि ऊ त्यहाँ गयो । अझ त्यस दिन त उसले झन् धेरै आँप खायो । प्रशस्त आँप खाइसकेपछि ऊ उडेर फर्की आउँदै थियो । बीचबाटोमा आइपुगेपछि उसलाई थकाइ लाग्यो । तैपनि समुद्रमाथि उडिरहेको बेला कहाँ बस्न मिल्थ्यो र ?त्यसैले ऊ निरन्तर उडिरह्यो । थकाइका कारण विस्तारै निदाउन थाल्यो । त्यही बेला उसले आफू पहिले आएको बाटो बिरायो । आफ्नो गन्तव्यमा आइपुग्न सकेन । परिणामतः ऊ समुद्रमै खस्यो र उसलाई एउटा माछ्राले खाइदियो ।

यता धेरै समय बितिसक्दा पनि आफ्नो छोरो घर नआएको हुनाले बोधिसत्वरूपी उसका बुबाले विचार गरे कि छोरो आज पनि पक्कै उतै अर्को द्वीपमा गयो । आज उसको पक्कै दुर्गति भयो । यसरी बोधिसत्वरूपी बाबुले आफ्नो छोराको दुर्गतिबारे थाहा पाइहाले । अनि, यता ती वृद्ध-वृद्धा आमाबुबाको पनि खान नपाएरै मृत्यु भयो ।

**दोस्रो कथा :**

कुनै समयमा वाराणसी राज्यमा ब्रह्मदत्त राजाले राज्य गरिरहेका थिए । त्यस बेला बोधिसत्वले गिद्धको योनीमा जन्म लिन पुगे । उनको नाम अपरण्ण राखियो । तिनको मिगालोप नामक एक अत्यन्त बलवान् छोरा भयो । अपरण्णले गिद्धहरूको स्वभावलाई बुझेर आफ्ना छोरालाई यसो भने- "बाबु, तिमी धैरै माथि-माथि उडी हिँड्छौ । शक्ति क्षेत्रभन्दा बाहिर गयौ भने आफ्नो जीवनलाई नै गुमाउनुपर्ला । तसर्थ, हेर बाबु, तिम्रो यो गतिको वेग खतरनाक छ । त्यति चित्त बुझ्दो छैन । जब तिमी आकाशमा उडिरहँदा पृथ्वीलाई स-सानो चारपाटे आकारमा देख्छौ तब तिमी त्यसभन्दा माथि कहिल्यै नउड्नू ।" मिगालोप अत्यन्त बलवान् मात्र नभई भर्खरको जवान पनि थियो । त्यसैले उसलाई आफ्नो जवानीको जोसका कारण आफ्ना बाबुले दिएको अर्ती उपदेश त्यति पाच्य भएन



Downloaded from http://www.dhamma.digital

र मन पनि परेन । उसलाई जति जति माथि उड्न सक्यो, उति उति आनन्दको अनुभूति भइरह्यो । एकदिन यसैगरी माथि उडिरहँदा उसलाई थकाइ लाग्यो । तत्कालै कालो बादल मडारिँदै हावाहुरी आउन सुरु भयो । फलतः उसलाई त्यही हावाहुरीले उडाई लगेर टुक्रा-टुक्रा पारी यताउता पछारिदियो र अन्तमा त्यहीँ उसको प्राण गयो ।

यस संसारमा अवज्ञाकारी सन्तानको दुर्गति निश्चित छ ।

## आमाबुबाको वचनको अनुसरण

आमाबुबाको वचनलाई सबैले सधैँ पालन गर्नुपर्दछ भन्ने सन्दर्भमा पनि थुप्रै कथाहरू सुनिन्छन् । तीमध्ये एक जातक कथा यहाँ प्रस्तुत गरिएको छ :

वाराणसीका महाराज दशरथले चार दुर्गतिमा नपरीकन धर्मानुसार राज्यसञ्चालन गरिरहेका थिए । तिनका सोह्र हजार रानीहरूमध्ये पटरानी (महारानी) का दुई छोरा थिए । एकजनाको नाम राम पण्डित र अर्काको नाम लक्ष्मण कुमार । पछि फेरि तिनकी एक छोरीको पनि जन्म भयो । सीतादेवी भनी तिनको नामकरण गरियो । केही समयपछि पटरानीको देहवसान भयो । त्यस ठुलो शोकको समाप्तिपछि अर्की एक रानीलाई पटरानीको पदमा पदासिन गरियो । उनी विस्तारै राजाकी प्रिय बन्दै गइन् । तिनकातर्फबाट पनि एक पुत्ररत्नको लाभ भयो । भरत कुमार भनी उनको पनि नामकरण गरियो । भरतकी आमाले आफ्नो छोरो भरतलाई राज्यको उत्तराधिकारी बनाई राजा बनाउने हेतुले राजालाई विन्ती गरिन्- "हे प्रिय देव । मलाई दिनुभएको वचन वरदान अब म माग्न चाहन्छु । वरदानअनुसार मेरो छोरो भरतलाई राज्यको उत्तराधिकारी बनाइबक्सियोस् । त्यसका खातिर अब उपयुक्त समय आइसकेको छ ।"

रानीको वचन सुन्नासाथ राजा दशरथ छाँगाबाट खसेजस्तै भई त्रसित भए । राजाले आफ्नी पटरानीलाई सम्झाई-बुझाई, हप्काई-दप्काई गरी अर्को वरदान माग्न भने । तर पटरानीले भने राजाको कुरा पटक्कै मानिनन् । अनि, राजा दशरथ चुपचाप आफ्नो शयन कक्षमा गए । वरदान भने स्वीकृत गरेनन् । तर, उनका मन-मस्तिष्कमा अनेकौँ कुराहरू खेल्न थाले । कतै पटरानीले छलछाम गरी राम र लक्ष्मण कुमारहरूलाई मार्ने षड्यन्त्र पो गर्ने हो कि भनी चिन्ता पनि भयो । त्यसैले उनले दुवै राजकुमारलाई बोलाएर आफ्नो चिन्ताको विषयमा बोध



Downloaded from http://www.dhamma.digital

गराए । त्यहीँ रहँदाबस्दा उनको जीवनमा भय आउन सक्ने सम्भावना रहेकोले यसो भनिएको थियो । राजा दशरथले आफ्ना राजदरबारका पण्डितहरूलाई बोलाई आफ्नो आयु बाह्र वर्ष बाँकी रहेको प्रस्ट पारे । अनि, राजा दशरथबाट आफ्ना राजकुमारहरू राम पण्डित र लक्ष्मणकुमारलाई आज्ञा भयो-"अहिले तिमीहरू बाह्र वर्षसम्म वनवास जाऊ । बाह्र वर्षपछि आएर यो राज्य चलाऊ । दुवै राजकुमार आफ्ना पिता राजा दशरथको यो वचनलाई सहर्ष शिरोपर गरी वनवास गए । सँगै बहिनी सीता देवी पनि आफ्नै इच्छाले वनवास गइन् । जनता पनि वनवास जान तत्पर भए । राम पण्डितले जनपदलाई उपदेश दिई वनवास जानबाट फिर्ता पठाए ।

वनमा राम पण्डितलाई लक्ष्मण कुमार र सीता देवीले आफ्ना पितातुल्य मानेर सेवा सत्कार गरी बसे । यता दरबारमा राजा दशरथ आफ्ना पुत्रहरूलाई वनवास पठाउनु पर्दाको कठोर शोकबाट अति कमजोर भई आफ्ना छोराहरूको वनवास गमनको नवौँ वर्षमा परलोक भए । उनको अन्तिम संस्कारपश्चात् पटरानीले आफ्ना पुत्र भरत कुमारलाई राजछत्र धारण गर्नका लागि आज्ञा दिइन् । तर, अमात्यहरू(मन्त्री) बाट यसको विरोध भयो । भरतले पनि विचार गरे कि आफ्ना अग्रज दाइहरू हुँदाहुँदै राज्यच्युत गर्नु त सोभ्कै अधर्म हो । तब भरत पाँच राजकीय प्रतीक र चतुरङ्गी सेनासहित राम पण्डित भएको ठाउँमा गए । राम पण्डित त्यतिबेला वनमा अति नै शान्त र आनन्दपूर्वक विचरण गरिरहेका थिए । भरत कुमार र अमात्यहरूले राम पण्डितको चरण समाउँदै शोकाकुल मुद्रामा राजदरवारको सम्पूर्ण घटनाको विवरण सुनाए । राम पण्डितले आफ्ना पिताको निधनको खबरलाई अति धैर्यपूर्वक सुनी बसे । तर, आफ्ना भाइ र बहिनीले सो कुरा सुने भने उनीहरूलाई सहन गाह्रो हुने कुरा बुझेर फलफूल लिई फर्कनेबित्तिकै उनीहरूलाई भने- "आज तिमीहरू ढिला आयौ । आज म तिमीहरूलाई दण्ड दिँदै छु । तिमीहरू पानीको बिचमा गई उभिएर बस । फेरि तिमीहरूले रुन पाउने छैनौ ।" यति भनिसकेपछि पुनः राम पण्डितले भने- "एवाह भरतो आह राजा दशरथ मतो ।" अर्थात् भरतले खबर ल्याएका छन् कि राजा दशरथ परलोक हुनुभयो ।

दशरथ परलोक भएको उक्त दुःखद समाचार सुन्नेबित्तिकै उनीहरू दुवैजना बेहोस भएर तीन पटकसम्म मुर्छा परे । यस्तो अवस्थामा पनि रामको धैर्यता देखेर सम्पूर्ण जनपदसहित अमात्यहरूभने आश्चर्यचकित भए । उनले



Downloaded from http://www.dhamma.digital

कसरी धैर्यधारण गर्न सके भनी उनीहरूका मनमा कौतुहलता जाग्यो । यसबारे प्रत्युत्तरमा राम पण्डितले उनीहरूलाई संसारको अनित्य धर्मका बारेमा विस्तृत जानकारीसहित उपदेश दिए । त्यसपछि सबैमा धैर्यता छाएपछि जनपदसहित अमात्यहरूले रामलाई भने-"अब वाराणसी राज्य सम्हाल्नका लागि फर्कनुहोस् ।" जवाफमा रामले भने-"भाइ भरत, तिमीले लक्ष्मण र सीता देवीलाई लिएर गई राज्य सञ्चालन गर्दै गर । मलाई बुबाले बाह्र वर्षसम्म वनवासका लागि हुकुम भएको छ । म बुबाको यो वचनलाई उहाँको देहान्त हुनेबित्तिकै कसरी उल्लङ्घन गरूँ ? मैले वचनको पालना गर्नुपर्छ । अबको तीन वर्षपछि वनवास सकेर म आउने छु । त्यतिन्जेलसम्म तिमीले नै राज्य सञ्चालन गर्दै गर्नू ।"जब भरत रामको यो कुरा मान्न तयार भएनन्, तब रामले तृण पादुका दिँदै फेरि भने- "लौ, यो खराउ लिएर सिंहासनमा राखी राज्य चलाउँदै गर ।"

अन्ततः भरतसहित सम्पूर्ण अमात्यहरू राम पण्डितको दृढ प्रतिज्ञाप्रति शिर निहुराई नमन गर्दै वाराणसी फर्किए र पादुका राखी राज्य सञ्चालन गरिरहे । पादुका राखी न्याय निसाफ गर्दा अन्याय भएमा दुवै पादुका बजाई आवाजले सङ्केत दिने र पुनः न्यायका निम्ति विचार गर्ने गर्दथे । यसरी पादुकाको सहयोगबाट तीन वर्षसम्म राज्य सञ्चालन भइसकेपछि राम पण्डित आफ्नो वनवास अवधि सिध्याएर वाराणसी फर्किए । सो समाचार वाराणसीको उद्यानमा बसेर राजदरबारमा पुऱ्याउन पठाए । वाराणसीको उक्त उद्यानदेखि लावालस्करसहित जात्रा गरी राम पण्डितलाई नगर परिक्रमाका साथमा राजदरबार प्रवेश गराई राज्याभिषेक पनि गराइयो । राम पण्डितले सोह्र वर्षसम्म सुचन्दक नामक राजदरबार (प्रासाद)मा बसेर राज्य सञ्चालन गरे । धेरै समय राज्यको अभिभारा ग्रहण गरेर प्रजाको सेवा गरेका उनी मरणोपरान्त स्वर्गलीन भए ।

यस जातकमा उल्लेख गरिएका दशरथ भनिएका राजा शुद्धोधन हुन् भने आमा महामायां देवी हुन् । परिषद् भनको बुद्धपरिषद् हो । राम पण्डित त स्वयम् बुद्ध नै हुन् ।

## मातृत्व, धर्म र प्रेमभाव

जातकको कथनका आधारमा हेर्दा आमाबुबाको कारण आफ्ना सन्तानको अहित हून्छ भन्ने बित्तिकै धर्म समाप्त भयो भन्दा पनि हुन्छ । अर्थात् आमाबुबाको



Downloaded from http://www.dhamma.digital

आफ्ना सन्तानप्रतिको असीम प्रेमभावले गर्दा संसारमा धर्म कायम रहेको बुझिन्छ। यसबारे जातक कथामा यसरी मार्मिक प्रसङ्ग प्रस्तुत गरिएको पाइन्छ :

वाराणसी देशमा राजा ब्रह्मदत्तले राज्य गरिरहेका थिए। त्यसैबेला एउटा घरमा एकजना कुल-पुत्रले आफ्ना बाबुको मृत्युपश्चात् आफ्नी आमाको आदर पूर्वक राम्ररी सेवा-शुश्रूषा गरीराखेको थियो। उसले आफ्नी आमालाई नै देवीको स्वरूप ठानेर नित्य पूजा नै गरी राखेको थियो।

एकदिन आमाले भन्नुभयो- “बाबु, तिमीलाई घर गृहस्थी चलाउन साह्रै गाह्रो भएको छ। दतिवन ल्याउने, नुहाउने, लुगा धुने, सरसफाइ गर्ने, जलपान, भोजन तयार गर्ने जस्ता काम तिमी आफैं कति गरिरहन्छौ ? बरु तिमी आफू समान कुनै एक स्त्रीसँग विवाह गर र उनले तिम्रो पनि सेवा गर्ने छिन्। उनले मेरो पनि सेवा गर्लिन्।” आमाको यस्तो कुरा सुनेर उसले जवाफ दियो- “आमा, मैले आफ्नो हित, सुखको कामना गरेर नै तपाईंको सेवा गरिरहेको छु। मलाई यसमा केही दुःख छैन।” फेरि पनि आमाले कुलवृद्धिकालागि समेत विवाह गर्नुपर्छ भनेर उसलाई सम्झाउनुभयो। जवाफमा आमा छउन्जेल आफैंले आमाको सेवा गरेर बस्ने कुरा बतायो। यस प्रकार आमा छोराबिच थुप्रै संवादहरू भए।

आमाले सधैंभरि विवाहकै विषयमा गनगन गरेको सुनेर लौ न त भनी एकदिन एक स्त्रीसँग विवाह गऱ्यो। उनीहरूले केही दिन, केही महिना, केही वर्ष आनन्दले दिन बिताए। बिस्तारै बुढीआमा उनीहरूका लागि बोझ महसुस हुन थालिन् र पारिवारिक कलह सुरु हुन थाल्यो। कहिले आमाको कुरा सुनेर त कहिले पत्नीका तर्फबाट कुरा सुन्दा सुन्दा उसलाई वाक्क दिक्क लाग्न थाल्यो। यसरी घरमा दिन प्रतिदिन झगडा साम्य हुनुको साटो झन् झन् बढ्दै गयो। खानु, लाउनु र निद्राको चित्त सुख भएन। फेरि तर्क-वितर्क बढी हुँदै छलछामसमेत हुन थाल्यो। अनपढको तर्क कमजोर भयो। अन्त्यमा बुढीआमालाई नै दोषी देख्न थाल्यो।

एकदिन असह्य भएर उसले आमालाई भन्यो- “आमा, तपाईं जहिले पनि झगडा मात्र गरिरहनुहुन्छ। तपाईं एक्लै अलग्गै कतै बस्नुहोस्।” छोराको यस्तो निर्णयले आमाको मातृहृदयमा ठुलो आघात पऱ्यो। बिचरी ! बुढीआमा आफ्नो मुटुको आघातलाई लिएर घर छाडेर बाहिर गइन्। नजिकैको कसैको घरमा आश्रय लिएर नोकरी गरी बस्न थालिन्। आमा त्यसरी घर छोडेर गइसकेपछि बुहारी



Downloaded from http://www.dhamma.digital

संयोगवश गर्भिणी भई । यसबारे तिनले आफ्ना साथी सँगिनीहरूलाई बताउँदै हिँड्न थालिन् । ती अलच्छिनी बुढी घरमा रहुन्जेल त गर्भिणी नै भइनँ, तर जब तिनी बाहिरिन् तब गर्भ पनि रहन गयो भन्ने जस्ता कुरा सबैलाई सुनाउन थाली । निश्चित समयपछि उसको कोखबाट बच्चा पनि जन्मियो । त्यो बालक छोरा नै थियो । त्यसपछि त झन् उसलाई के चाहियो र? गांउँघर नै थर्काएर हिँड्न थाली । जबसम्म सासू घरमा बसी तबसम्म गर्भ नै रहेन तर अलच्छिनी बुढी बाहिर जानेबित्तिकै गर्भ रह्यो र प्यारो छोरो जन्मियो भनेर घमण्डका साथ फुर्ती गर्दै हिँड्न थाली । यो कुरा एक कान दुई कान मैदान भनेझैं एकदिन बुढीआमाको कानमा पनि पऱ्यो । यो अप्रिय कुरा सुन्नेबित्तिकै बुढीलाई मनमा अत्यन्तै चोट पऱ्यो । आफू घरबाट निस्कनेबित्तिकै आफ्नो छोराको पुत्रलाभ भएको भन्ने कुराले उनको मनमा गहिरो चोट पऱ्यो र चिसो पस्यो कि अब संसार उल्टो भयो । सोच्न थालिन् कि वास्तवमा संसारमा धर्म भन्ने कुराको त सत्वनै मरिसक्यो । यदि धर्म मरेको छैन भन्ने हो भने आमालाई रुवाई घरबाहिर गलहत्याएर छोरोले छोरो जन्मायो भन्ने कुरा कसरी सम्भव हुन्छ? तिनीहरू कसरी सुखपूर्वक बस्न सक्छन्? त्यसैले पक्का पनि धर्म मरिसकेको छ । बुढीले अब धर्मको श्राद्ध गर्छु भन्न थालिन् ।

एकदिनको कुरा हो, ती बुढी आमै तिलको पिठो,चामल र माटाको भाँडा लिएर मसानघाटतिर गइन् । त्यहाँ उनले तीनओटा हड्डीहरूको टाउको जुधाएर चुल्हो बनाइन् । फेरि नुहाइधुवाइ गरेर चुल्होमा आगो बालिन् । भिजेकै कपाल फिँजाएर तिल भुट्न थालिन् । त्यतिबेला देवेन्द्र शुक्रले बोधिसत्वको रूपमा जन्म लिएका थिए । आफ्नो दु:ख सहन नसकेर धर्म मरेको भन्ने सोचेर धर्मको नाममा श्राद्ध गरिरहेको देवेन्द्र शुक्रले देखे । अनि, आफ्नो रूप परिवर्तन गरी ब्राह्मणको भेष लिई स्मशानमा गएर बुढीलाई सोध्न थाले- “आमा, स्मशानमा त कसैले भात पकाउँदैन । तपाईले यो तिल भुटेर के गर्न लाग्नुभएको हो?” बुढीले जवाफ दिइहालिन्- “ब्राह्मण, यो तिलोदान भोजनको लागि होइन । अब दुनियाँमा धर्म मरिसक्यो । तसर्थ म धर्मको श्राद्ध गर्न लागेकी हुँ ।”

“अरे कात्यायनी, राम्ररी विचार गरेर मात्र काम गर्नू । तपाईलाई कसले भन्यो धर्म मरिसक्यो भनेर ? धर्म भन्ने चीज कहिल्यै मर्दैन । शुक्रले फेरि भने । “हे ब्राह्मण, तिमी धेरै नकराऊ । मलाई थाहा छ कि धर्म साँच्चै मरिसकेको छ । यसको प्रमाण मसँग यथेष्ट छ । धर्म मरिसक्यो । त्यसैले त आज जो पापी छ,



Downloaded from http://www.dhamma.digital

उही यहाँ सुखी छ । मेरी बुहारीको बालबच्चा थिएन । मसँग मनपरी तरिकाले अन्याय गरी । ऊनै घरकी मालिकनी बनी । म बेसहारा भएँ । उसको छोरा पनि जन्मियो ।

शुक्रदेवेन्द्रलाई बुढीको यस कुराले मर्माहत बनायो । अनि, उनले आफ्नो शक्तिको प्रभावद्वारा छोराको मनमा मातृभक्ति पैदा गराइदिए । नभन्दै छोरो बुढीआमैलाई खोज्दै रुँदै बाटोमा आएर आमासँग माफी माग्न थाल्यो । प्रेमभावको प्रभावले घरमा सबै कुरा एकाएक मिल्यो। तत्पश्चात् आमा, छोरा, बुहारी र नाति सपरिवार प्रेमपूर्वक जीवनयापन गरी बसे ।

## आमाबुबाको सेवाबाट सुगति

गौतम बुद्धले आमाबुबाको सेवा कार्यलाई जीवनको मङ्गलमय कार्य हो भनी उपदेश दिनुभएको छ । जसले आमाबुबाको सेवा गर्दछ, उसको जीवनमा सदा मङ्गल हुन्छ, कुशल हुन्छ । कल्याण हुन्छ । शुभ हुन्छ ।

आमाबुबाको सेवा गर्नु भनेको काय (शरीर) वाक (वचन)र चित्त (मन)ले आमाबुबाको सम्मान गर्ने, पालनपोषण गर्ने, सेवा शुश्रूषा गर्ने हो । नेपालको सामाजिक संस्कारअनुसार वार्षिक एकदिन आमाबुबाको मुख हेर्ने दिन जुराई सेवा गर्ने परम्परा पनि छ । तर यसको अर्थ यो होइन कि उहाँहरूलाई एकदिन मात्र मिठो मिठो खुवाएर मन प्रशन्न गराउने । आमाबुबाको सेवा त आजीवन गर्नु पर्छ । खुवाइ-पियाइ गरेर, लगाउन दिएर, सहयोग गर्ने र मन प्रशन्न गराई खुशी पारिदिनु नै छोराछोरीको प्रमुख कर्तव्य हो । यसरी जसले आफ्ना आमाबुबाको जीवनपर्यन्त सेवा गरी कर्तव्य पालन गर्दछन्, उनीहरूको परलोकपश्चात् पनि सुगति प्राप्त हुन्छ ।

## आमाबुबाको सेवा नै बुद्धको आदर्श

आमाबुबाको सेवा प्रत्युपकार बुद्ध बोधिसत्वहरूले सदैव गर्दछन् । भगवान् बुद्धका जन्मदाता आमा महामाया देवी बुद्धको जन्मपश्चात् सातौं दिनमा परलोक हुनुभएको थियो । त्यसपछि उहाँलाई सानीआमा प्रजापति गौतमीद्वारा लालन-पालन-पोषण गरिएको हो ।

Downloaded from http://www.dhamma.digital

सिद्धार्थ बोधिज्ञान प्राप्त भइसकेपछि अर्थात् बुद्ध भइसकेपछिचाहिँ आफ्नै बुबा शुद्धोधनको निमन्त्रणामा कपिलवस्तु आउनुभएको हो । बुद्धकानिम्ति सबै बराबर हुन्, तथापि शुद्धोधनले प्रार्थना गर्नेबित्तिकै उहाँ कपिलवस्तु राजदरबारमा आउनुभयो । आफूले प्राप्त गर्नुभएको ज्ञान सबैलाई दिलाउनुभयो । राजा शुद्धोधन अनागामी हुनुभयो ।

केही समयपछि राजा शुद्धोधन पुनः अत्यन्त बिरामी हुनुभयो । यो खबर सुन्नेबित्तिकै भगवान् बुद्ध कपिलवस्तु आउनुभयो । जगत् हितकारी जगत् कल्याणप्रति महाकारुणिक हुनुभएका उहाँ तथागतको यो आगमन निःसन्देह आफ्ना बाबुप्रतिको छोराको कर्तव्यपथको आदर्शको उत्कृष्ट दृष्टान्त नै थियो ।

राजा शुद्धोधनले अर्हत् फल प्राप्त गर्नु भई निर्वाण हुनुभयो । महाप्रजापति गौतमी पनि विरक्त हुनुभयो । आयुष्मान् आनन्दले तत्काल महाप्रजापति गौतमीको तर्फबाट उहाँलेनै गौतम तथागतप्रति गरिराखेको उपकार गुणको वर्णन गर्दै उहाँलाई प्रबज्या दीक्षा दिनका लागि आग्रह गर्नुभयो । उहाँले पनि आफ्नी आमापछिकी आमा प्रजापति गौतमीलाई भिक्षुणी बनाइदिनुभयो । उहाँ नै बुद्धशासनको सबैभन्दा पहिलो भिक्षुणी हुनुहुन्छ । महाप्रजापति गौतमी भिक्षुणी भइसकेपछि पनि गर्वपूर्वक भन्ने गर्नुहुन्थ्यो- "भगवान्! तपाईं एकातिर मेरो बुबा हुनुहुन्छ भने अर्कोतिरबाट मेरो छोरो हुनुहुन्छ।" यस भनाइबाट यो प्रस्ट हुन्छ कि एकजना भिक्षुणीको श्रद्धा जे जति छ, त्यसरी नै आमाको मातृस्नेह पनि छ । बुद्धको मातृभक्ति पाउनुभएकोले प्रशन्नताको आवाज उहाँको मनबाटनै मुखरित भएको छ ।

बुद्धलाई जन्म मात्र दिने आमाप्रति पनि उहाँ कृतज्ञ हुनुहुन्छ । पालि साहित्यमा तीन महिनासम्म स्वर्गस्थ अथवा तुषित देवलोकमा वास गरिरहनुभएकी महामायां देवीलाई उपदेश दिनुभएको कुरा वर्णित छ । अझ बौद्ध दर्शनको मूल एवम् सार रूप अभिधर्म नै महामायांलाई उपदेश भएको कुरा उल्लेख छ । यसभन्दा राम्रो बुद्धको बौद्ध आदर्श मातृसेवाको ज्वलन्त उदाहरण अरू के पो हुन सक्ला र ? यसरी आजपर्यन्त आमाबुबाको सेवा नै बुद्धको आदर्श कहलियो ।

## राहुलको आदर्श

भगवान् बुद्ध प्रथम पटक कपिलवस्तुआउँदा राहुल ६-७ वर्षका बालक



Downloaded from http://www.dhamma.digital

नै थिए । राहुलले आफ्नाबुबालाई चिनेका पनि थिएनन्। किनभने राहुल जन्मेको सात-आठ दिनमा नै बुद्धको महाभिनिष्क्रमण भएको थियो । त्यसैले यस महान् अवसरलाई कविहरूले  राम्ररी सदुपयोग गरेको पाइन्छ । बुद्ध सबभन्दा पहिला कपिलवस्तु आउँदा राहुलमाताले राहुललाई उनका बुबाको परिचय दिनुभएको वर्णन काव्यहरूमा मनोहरी छ ।

तारागण बिचको तेजिलो चन्द्रमाभैँ भिक्षु संघबिच बत्तीस लक्षणले युक्त हुनुभएका अग्रश्रावक बुद्धलाई राहुलमाताले चिनाइदिनुभयो र राहुललाई भन्नुभयो- “जाऊ, अब आफ्ना बुबासँग गएर अंश माग ।” राहुलले दौडेर गई बुद्धको हात समाएर भन्न थाले- “अहो ! कति शीतल छ हजुरको छाया । तथागतको छाया ! बुबाको छाया ! किन शीतल हुँदैनथ्यो र?

राहुलले फेरि भने- “बुबा, अब मलाई अंश दिनुहोस् ।” बुद्धले जवाफमा राहुलको हात समातेर आफू बसेको ठाउँमा लिएर जानुभयो । अनि, सारिपुत्रलाई भन्नुभयो, “लौ, यसलाई प्रव्रजित गर ।”बालकै वयका राहुललाई कसरी प्रव्रजित गर्ने ? भनेर सारिपुत्र तत्काल अलमलिनुभयो । बुद्धले त्रिशरण गमन र दश शिक्षा विधिसहित श्रामणेरत्व भन्ने नयाँ व्यवस्था गरिदिनुभयो र राहुल श्रामणेर भए । सिद्धार्थपुत्र राहुल बुद्ध शासनको सबैभन्दा पहिलो श्रामणेर मानिए । यसलाई सहजपूर्वक सम्झनका लागि काव्यांश यसरी उल्लेख गरिएको छ :

Dhamma.Digital

“तिमीलाई तिम्रो अंश म दिन्छु,
अंश छ मेरो शुद्ध रगतको
तिमीलाई राख्छु म सुगत सुमार्गमा,
पवित्रचीवर पात्र दिई ।”

एक पुत्रको वात्सल्यका आधारमा यस प्रकार श्रामणेरत्वको पनि शुभारम्भ भयो । राहुल श्रामणेर भयो । यता शुद्धोधनको मृत्युपश्चात् प्रजापति गौतमी पनि भिक्षुणी भइन् । अनि  राहुलमाताले विचार गरिन् कि अब म पनि भिक्षुणी बन्न जान्छु । नित्य बुद्धको दर्शन गर्न जान्छु । पुत्र राहुललाई पनि सधैँ देख्ने छु । राहुलमाता पनि भिक्षुणी हुनुभयो । राहुलको सधैँ दर्शन गर्न पाए ।

राहुलमाताको एकदिन नराम्ररी पेट दुख्यो । राहुलको मुख हेर्न पनि जान



Downloaded from http://www.dhamma.digital

सक्नुभएन । यही सन्देश भिक्षुणीहरूले राहुललाई सुनाइदिनुभयो । राहुल आफ्नी आमा भएको स्थानमा आए । त्यतिबेला भिक्षुणी विम्बादेवी (राहुलमाता) एकदम साह्रोसँग पेट दुखेर बसिरहनुभएको थियो । राहुलले सोधे- "आमा, तपाईंलाई यो पेट दुखाइ कसरी निको हुन सक्छ ?" भिक्षुणी विम्बादेवीले प्रत्युत्तरमा भनिन्- "पुत्रराहुल, यो जीवन भिक्षुणी जीवन हो । तसर्थ यहाँ आफूलाई चाहिने चिज प्राप्त हुँदैन ।" फेरि पनि राहुलले आफ्नी आमालाई स्नेहपूर्वक सोधेपछि आमाले भन्नुभयो- "बाबु, राजदरबारमा भए त मलाई आँपको रस र सक्खरको रस पिएपछि निको हुन्थ्यो ।"अनि, राहुलले भने- "आमा, त्यसका लागि म प्रयत्न गर्नेछु ।" यति भनेर राहुल त्यहाँबाट फर्के र यो कुरा आफ्ना उपाध्याय धर्मसेनापति सारिपुत्रलाई बताए । सारिपुत्रले पनि एक पुत्रलाई एक आमाको सेवाबाट कसरी वञ्चित गर्न सक्नुहुन्थ्यो र ? सारिपुत्रले राहुललाई लिएर गए। सरासर गएर राजा प्रसेनजितको दरबारमा भिक्षा मागेपछि त्यहाँबाट आँप र सक्खरको रस प्राप्त भयो । प्रसेनजितले सारिपुत्रको पछि पछि आफ्ना भारदारहरूलाई पनि पठाए । भारदारले सारिपुत्रले आँप र सक्खर बाहिर बसिरहेको राहुललाई दिएको प्रस्ट देखे । राहुलले त्यहाँबाट सरासर गएर आँप र सख्खर पेट दुखेर बसेकी आफ्नी आमालाई दिए । त्यसबाट भिक्षुणी विम्बादेवीको पेट दुखेको पनि निको भयो । यो सबै कुरा प्रसेनजितका भारदारले देखे र गएर उनलाई सुनाए । प्रसेनजितले पनि खुशी हुँदै आफ्नो कर्तव्य सम्झेर समयकाल विचार गरी आँप र सक्खर पठाइरहे ।

Dhamma.Digital

## सारिपुत्रको आदर्श

धर्मसेनापति सारिपुत्र जातले ब्राह्मण हुन् । तिनै वेद विज्ञले एक दिन एक उत्सव हेर्न जाँदा मानिसको ठुलो भीड देखे र विचार गरे कि सय वर्षपछि यी मानिसहरू एकजना पनि यहाँ बाँकी रहने छैनन् । यस्तो अनित्य भावना मनमा आउनासाथ आफ्ना साथीहरूसँगै घरबाट बाहिर गए । सञ्जयकहाँ गएर परिव्राजक भएर बसे । एक दिन अश्वजितसँग उनको भेट भयो । उनका तर्फबाट हेतुद्वारा जन्म/मरण हुने र हेतुको निरोधले नै सबै निरोध हुने उपदेश बुझिसकेपछि बुद्ध निवासित भएका ठाउँमा गएर भिक्षु बने ।

धर्मसेनापति सारिपुत्रको गुण र आदर्शको दृष्टान्तका सन्दर्भमा धेरै राम्रा प्रसङ्गहरू छन् । बुद्धका अनुयायी बनेर बुद्धझैं संसारलाई उपदेश दिँदादिँदै



Downloaded from http://www.dhamma.digital

सारिपुत्रले आफ्नो जीवनको अन्तिम घडीतिर आइपुग्दा आफ्नो एउटा कर्तव्य बाँकी रहेकोजस्तो आभास गरे । त्यो हो आमाबुबाको सेवामध्ये जीवित रहेकी वृद्ध माता भएको स्थानमा जाने । बुद्ध कहाँ गएर सारिपुत्रले बिन्ती गरे, "भन्ते, मलाई परिनिर्वाण हुने अवसर दिनुहोस् ।"

बुद्धसँग बिदा भएर सारिपुत्र आफ्नो मातृभूमितर्फ लागे । आमा अति वृद्ध भइसक्नुभएको थियो । आमाले देख्नेबित्तिकै भनिन्, "तन्नेरी हुन्जेल भिक्षु बनेर घुमी हिँड्यौ । अब वृद्ध भएपछि घर आयौ?"सारिपुत्रकी आमा सारिब्राह्मणीलाई सारिपुत्र भिक्षु भएको अवश्य पनि मन नपर्दो हो किनभने त्यतिबेला महाकारुणिक बुद्धलाई ब्राह्मणवादीहरू आफ्नो विरोधी नै ठान्दथे । त्यसैले सारिब्राह्मणीले यसो भन्नु स्वाभाविक नै थियो । अझ मातृत्वलाई त्यागेर गएको भनी मनमा दुःख मानिरहनु पनि स्वाभाविक थियो । तर जे भने पनि सारिपुत्रलाई घरभित्र पस्न त के रोक्न सक्थिन् र ? सारिपुत्र एक भिक्षु मात्रै थिएनन् उनी त थिए आफ्नै कोखमा जन्मिएका छोरा ।सारिब्राह्मणी त्यसभन्दा ज्यादा केही पनि बोलिनन् ।

सारिपुत्र सरासर आफू जन्मेको कोठामा बस्न गए। उनको परिनिर्वाणको दिन पनि नजिकिँदै थियो । उनको सेवा गर्नका लागि देवता, ब्रह्मा तथा महाब्रह्माहरू पालैपालो जाज्वल्यमय देव प्रभारूपी रश्मिका साथमा आउन थाले । सारिब्राह्मणीले यी सम्पूर्ण दृश्यहरू नियालिरहिन् ।

भोलिपल्ट आमाले छोरालाई सोधिन्- "बाबु, हिजो तिम्रो कोठामा आउनेहरू को हुन् ?

"आमा, ती देवताहरू हुन् ।" सारिपुत्रले जवाफ दिए ।

"ती किन आएका त ?" फेरि आमाले सोधिन् ।

"मेरो सेवा गर्नका लागि आएका हुन् ।" सारिपुत्रले पुनः जवाफ दिए ।

"त्यसो भए तिमी देवताहरूभन्दा अग्रणी छौ त ?" आमाले पुनः जिज्ञासा राखिन् । ब्राह्मणीले आश्चर्यपूर्वक यी सारा कुराहरू सोधिन् । अझ पछि आएका देवताहरू त ब्रह्मा र महाब्रह्मा नै हुन् भनेको सुन्दा त झन् आश्चर्यको सीमा नै रहेन । किनकि ब्रह्मा र महाब्रह्मा त उनका आराध्य देवता नै थिए । आफ्ना आराध्य देवताहरूले नै आफ्नो पुत्रको पूजा गर्नका लागि आएको सुनेर ब्राह्मणीले आफ्नो छोरालाई प्रशन्न भएर हेरिरहिन् । यसैबेला सारिपुत्रले आफ्नी आमालाई



Downloaded from http://www.dhamma.digital

धर्म उपदेश गरे । जीवनमा आफूले गरेका सारा कर्म र क्रियाकलाप आमालाई सुनाए । यसबाट आमा औधी खुशी भइन् । छोराका मुखबाट धर्मका बारेमा स्पष्ट व्याख्या सुनेर उनको मनमा गढेको निहित देववाद हटेर गयो । यसरी सारिब्राह्मणीले सत्धर्मबारे राम्ररी ज्ञान प्राप्त गरिन् र सारिपुत्रकी आमा श्रोतापत्ति भइन् । यस प्रकार आफ्नी आमालाई धर्मका बारेमा बोध गराइसकेपछि सारिपुत्र महास्थविर परिनिर्वाण भए ।

उल्लिखित प्रसङ्गले यो स्पष्ट पार्दछ कि ब्रह्मा र महाब्रह्माले पूजा गर्न योग्य व्यक्तिको स्थान निर्धारण हुनुमा पनि आफ्ना आमाबुबाप्रतिको कर्तव्य निर्वहनको स्थिति निहित छ। सारिपुत्र भन्तेको यही आदर्श चरित्र बौद्ध साहित्यमा आमाको सेवा गर्ने आदर्शवीरका रूपमा ज्वलन्त उदाहरण बनेको छ ।

## मातृसेवक हात्तीको प्रतिमा

आमाबुबाको सेवा गर्ने गुणलाई राम्ररी उजागर गर्नका लागि पालि साहित्यमा थुप्रै प्रसङ्गहरू उल्लेख गरिएका छन् । एउटा जातक कथा यस्तो छ, जसमा आमाबुबाको सेवा गर्ने हात्तीको शिला-प्रतिमा नै बनाइएको छ । अझ त्यसको पूजा गर्ने प्रचलन पनि रहेको सन्दर्भ यस कथामा पाइन्छ :

वाराणसीमा ब्रह्मदत्त राजाले राज्य गरिरहेका थिए । त्यहाँ थुप्रै हात्तीहरू थिए, जसमध्ये एउटा सेतो हात्ती असीहजार हात्तीहरूका नाइके थिए । सधैंजसो परिषद्सँग भ्रमण गर्दै उनले आफ्नी अन्धी आमालाई फलफूल दिई पठाउँथे । तर एकदिन उनले थाहा पाए कि आफूले दिई पठाएका कुनै पनि फलफूल आमाको हातमा परेका छैनन् । परिणामतः आमा शारीरिक कमजोर भइसकेको कुरा पनि सेतो हात्तीलाई थाहा भयो । निरुपाय भएर एकदिन सेतो हात्तीले परिषद् नै परित्याग गरे । त्यहाँबाट उक्त ठाउँ छाडेर चण्डोरण पर्वतमा आफ्नी अन्धी आमालाई लिएर गए र आमाछोरा त्यहीं बस्न थाले । त्यहाँ आफ्नी अन्धी एवम् वृद्धवयकी आमाको राम्ररी लालन-पालन गरी सेवा गरिरहे ।

एकदिन सेतो हात्तीले फलफूल लिएर बाटामा आइरहेको बेला एकजना व्यक्तिको रोदनको आवाज सुने । उनको हृदय करुणाले परिपूर्ण भयो । उनले ती व्यक्तिलाई सोधे,"तिमी किन रोइरहेछौ ?"

Downloaded from http://www.dhamma.digital

त्यस व्यक्तिले जवाफमा भन्यो, "म बाटो बिराएर मेरा सिकारी साथीहरूसँग विछोड भएको हुँदा रोइरहेको छु । त्यसपछि ती हात्तीले उसलाई बाटो देखाइदिए । जङ्गलदेखि बाहिरसम्म गएर उसलाई बिदाइ गरे । तर उक्त व्यक्तिले बिराएको बाटो पाउनेबित्तिकै उक्त सफा, सेतो र खुब राम्रो हात्ती देखेर उसका मनमा पापचित्त पैदा भयो । उसले उक्त हात्ती आफ्नो देशको राजालाई सुहाउने छ भनी मनमनै कल्पना गऱ्यो । मनभरि नाना कल्पना गर्दै बाटो बिरौटे त्यो मानिस आफ्नो देशमा पुग्यो । राजालाई बिन्ती चढायो- "महाराज ! हजुरलाई एकदमै सफा, सेतो,र राम्रो हात्ती मनपरे म देखाइदिन्छु ।"राजालाई सेतो हात्ती चढ्ने रहर त हुने नै भयो । तत्क्षणात् राजाले सेतो हात्ती समात्नका लागि हात्ती समाउन सिपालु मानिसहरू साथ लगाएर उसलाई पठाए । नभन्दै आमाको सेवा गरिरहेको हात्तीलाई भेट्टाएपछि उनीहरूले घेरा हाले । शान्तिप्रेमी ती हात्तीले कुनै बाधा-विरोध गरेनन् । उनलाई पक्रेर आनन्दपूर्वक राजदरबारमा ल्याइयो । हात्ती राजदरबारमा पुगिसकेपछि राजा, मन्त्री र भाइभारदारहरू अपूर्व खुशी भए । हात्तीका लागि त्यहाँ अनेक मिठा खानेकुराको प्रबन्ध गरियो । आमासँगको विछोडको वेदनामा डुबेको हात्तीलाई केही पनि खाना रुचेन । केही दिन र महिनाको उपक्रममा हात्ती दुब्लाउँदै गएको देखियो । एकदिन राजा स्वयम् हात्तीलाई खाना खुवाउन उपस्थित भए । राजाले भने- "हे हात्तीराज, तिमी किन यसरी केही नखाई दुब्लाइरहेको ? खाना खाऊ, म तिमीलाई राम्ररी खुवाई पियाई राख्छु । भन, के कुरामा तिमीले अपसोच गरिरहेछौ ?"

जवाफमा हात्तीले भने- "मैले यहाँ आनन्दपूर्वक खाईपिई के गर्ने ? विचरी ! अन्धी भएर बसेकी मेरी आमा त्यहाँ त्यत्तिकै भोकै बसिरहेकी होलिन् । मेरी आमालाई सहयोग गर्ने त्यहाँ कोही पनि छैन । विचरी अन्धी, ती मेरी आमा कसैलाई पनि देख्दिनन् । चण्डोरण पर्वततिर एक्लै हिँड्न खोज्दा रूख बुट्यानमा ठोकिएर हिँडिरहने तिनै मेरीआमा हुन् । म यहाँ ल्याइएपछिका दिनहरूमा मेरी आमाले कसरी भोकै बाँच्नु परेको होला ? तसर्थ मैले मात्र किन खाने खाने ? भैगो महाराज ! म भोकै बस्छु ।"

हात्तीको यस्तो कारुणिक कुरा सुनेर राजाको मन पग्लियो । हात्तीको मातृभक्ति देखेर राजा ज्यादै खुशी भए । त्यसपछि सेतो हात्तीलाई उनले पूजा गरेर छाडिदिए । साथै, त्यही हात्तीको ढुङ्गाको प्रतिमा बनाएर हस्ती पूजा गर्ने र चाडको रूपमा देशभरि जात्रा मनाउने चलन पनि बसाले ।



Downloaded from http://www.dhamma.digital

उल्लिखित जातक कथामा सेतो हात्ती हुने बोधिसत्व नै हुन् । यसरी यस जातक कथाले बोधिसत्वले संसारको हितार्थ दिनुभएको बोधिज्ञानले हामीलाई प्रतिज्ञावान् हुन सिकाएको छ । प्रतिज्ञारथि बोधिसत्व जस्तै आमाबुबाको सेवामा हरेक मानव जातिले तल्लीन हुनुपर्छ ।

## वृद्धावस्थामा आफ्ना सन्तान नै सहारा

अर्को एउटा जातक कथा यहाँ प्रस्तुत गरिएको छ । यस कथामा पनि आमाबुबाको वृद्धावस्थामा वा अस्वस्थ/असमर्थ अवस्थाका लागि सन्तान नै भरोसाको साथी वा लौरो समान हो भनिएको छ । कथा यस्तो छ :

वाराणसीमा पिलियक्खले राज्य गरिरहेका थिए । वाराणसीबाट अलिपर नदीको दुवैतिर गाउँ थिए । एउटा गाउँको नाम निषाद थियो । दुवै गाउँका नाइकेहरूले आपसमा यस्तो सल्लाह गरे कि दुईमध्ये एउटाको छोरा र अर्काकी छोरी जन्मिएमा उनीहरूको विवाह गरिदिने । केही समयपछि निषाद गाउँका नाइकेको छोरो जन्मियो र अर्को गाउँका नाइकेकी छोरीको जन्म भयो । छोराको नाम 'दुकुलक' र छोरीचाहिँको नाम 'पारिका' राखियो ।

दुवैका छोराछोरीको सोह्र वर्षको उमेर पुगेपछि पूर्व सहमतिबमोजिम उनीहरूको विवाह सम्पन्न भयो । तर उनीहरू ब्रह्मलोकबाट आएका हुनाले गृहस्थ भएर बस्न उनीहरूलाई रुचि भएन । उनीहरूलाई प्राणी हत्या गर्ने जीवन पनि मन परेन । त्यसैले आमाबुबालाई यही अनुरोध गरी घर नामको त्यस बन्धनबाट सजिलैसँग बिदा पाए । उनीहरू दुवैजना घर त्यागी गङ्गाको किनारै किनार हुँदै हिमालयतर्फ प्रस्थान गरे । त्यहाँ उनीहरूले पहेँलों वस्त्र धारण गरी ऋषि भई प्रव्रजित जीवन व्यतीत गरेर बसे । शुक्रदेव इन्द्रले पनि वेला वेलामा उनीहरूको सेवा गरिरहे ।

एकदिन शुक्रदेवले भने- "भविष्यलाई विचार गरी हेर्दा त तपाईंलाई सेवा गर्ने एकजना पुत्र आवश्यक छ ।""शुक्रदेव, तिमीले यो के भनेको हो ?गृहस्थीमा रहँदा त काम-वासनाले हामीलाई कहिल्यै छोएन भने अबको तपस्वी जीवनमा यो कसरी सम्भव हुन्छ?" ऋषिले आश्चर्य मुद्रामा प्रकट हुँदैजवाफ दिए ।

शुकले फेरि भने- "त्यसो भए भैगो । तर, छोरा एउटा त चाहिन्छ नै



Downloaded from http://www.dhamma.digital

!त्यसैले, तपस्विनी ऋतुमती भएका बेलामा एकपटक नाइटोमा हातले छोइदिनू।"

दुकुलक पण्डितले यो कुरा भने सहजै स्वीकारे। तब एकदिन तपस्विनीको नाइटोमा छोइदिँदा बाधिसत्वले देवलोकबाट आएर जन्म लिए। यिनै कुमारलाई स्वर्णसाम भनी नाम राखे। स्वर्णसामलाई किन्नरीहरूले राम्ररी लालनपालन गरी हुर्काए। स्वर्णसाम पनि तरुण भए। तपस्वी र तपस्विनी पनि बिस्तारै प्रौढ हुँदै गए। कुमारले आफ्ना आमाबुबाको राम्ररी सेवा उपस्थान गरी बसे। एकदिन जङ्गलमा विषालु सर्पको साससे गर्दा वृद्धवृद्धाका आँखामा समस्या उत्पन्न भयो। उनीहरू आँखा नदेख्ने भए। अनि स्वर्णसाम उनीहरूको जीवनका एकमात्र सहारारूपी लौरो भए।

एकदिन पिलयक्ख राजा सिकार खेल्दै त्यहाँ आइपुगे। स्वर्णसाम पनि आफ्ना आमाबुबालाई फलफूल खुवाउनका लागि पानी लिन आइपुगे। पोखरीका छेउमा बसी मृगलाई कुरिरहेका राजाले उनलाई देखेर मनमा विचार गरे कि यो व्यक्ति को होला ? मैले त यहाँ एकजना मान्छे पनि नदेखेको धेरै भयो। अब यसका बारेमा राम्ररी सोध्नुपर्छ। ऊ देव भए आकाशमा उडी जाला। नाग भए भूमिमा प्रविष्ट भइजाला। फेरि मैले यस्तो अद्‌भूत कुरा आफ्नो देशमा फर्केर सबैलाई सुनाउनु पनि त पर्‍यो नि। यसरी मनमा अनेक तर्कना बुन्दै थाहा पाउने इच्छा राखी राजाले वाण छोडिहाले। स्वर्णसामलाई उक्त वाण लाग्यो। पानीले भरिएको गाग्रो बिस्तारै भुइँमा राखेर आमाबुबा भएतिरको दिशातर्फ टाउको पारी साम त्यहीँ ढले र भने- "मलाई यो वाण हान्ने को हो? मेरो मासु त आहारा होइन, तै पनि मलाई यहाँ कसले किन वाण हान्यो ?" राजाले जवाफ दिए, "म काशीराज हुँ। म तीर हान्नमा निपुण छु। मेरो तीरको छेउमा मृग आएको थियो तर तिमीलाई देखेर मृग भाग्यो। त्यसैले रिसले मैले तिमीलाई वाण हिर्काएँ।"

स्वर्णसामले भने- "होइन राजन, मैले मेरो ज्ञान विवेकले थाहा भएसम्म मलाई देखेर मृग डराउँछ भन्ने कुरामा कुनै सत्यता छैन। गन्धमादन पर्वतका किन्नरहरूलाई देखेर बरु मृग बेस्सरी डराउँछन् भन्ने मलाई थाहा छ। म त उनीहरूसँग रमाइलोपूर्वक घुमफिर गरेर बसेकै छु। त्यसैले मलाई देखेर मृग डराई भागेर गयो भन्ने कुरा त सत्य हुनै सक्दैन।

स्वर्णसामको कुरा सुनेर राजाको मन परिवर्तन भयो। अनि राजाले यथार्थ कुरा बिस्तारपूर्वक सोधे- "मित्र, तिमी कहाँबाट आयौ? तिमीलाई कसले



Downloaded from http://www.dhamma.digital

पानी लिन पठाएको हो ? अथवा, यो पानी कसका लागि लिन आएका हौ ? नढाँटी भन । स्वर्णसामले आफ्नो शरीरको भौतिक पीडालाई सहेर भने, "मेरा आमाबुबाले आँखा देख्नुहुन्न । उहाँहरूलाई फलफूल खुवाई मैले नै पालनपोषण गरी बसेको छु । म मेरा आमाबुबाका लागि पानी लिन यहाँ आएको हुँ । हाय ! अब उनीहरूको अवस्था के होला ?" खानेकुरा त पन्ध्र दिन सम्मलाई पुग्छ । तर, यो पानीबिना उहाँहरू कसरी बाँच्नुहोला? मित्र, मलाई मेरो मृत्युको केही पर्वाह छैन । तर, मेरो मृत्युपछि मेरा आमाबुबाले दुःखकष्ट भोगेर मर्ने अवस्था आएकोमा म विह्वल भएको छु । हाय ! मेरी आमा कति आत्तिएर पर्खिबस्नुभएको होला ? फेरि मेरो मृत्युको खबर सुनेपछि उहाँले कस्तो विलाप गर्नुहोला? रातसम्ममा त रोएरै आँखाको नदी सुकेर प्राण पनि जाला ! अनि, मेरा बुबाको के दशा होला?"

यो विलाप सुनेर राजाको मन झनै पग्लियो । यस्तो गुणवान् छोराप्रति आफूले गरेको अपराध बोध गरे । त्यसैले राजाले भने - "हे कल्याण दर्शन साम, धेरै विलाप नगर । म यो घोर जङ्गलमा बसेर तिम्रा आमाबुबाको सेवा गरुँला । म जति वाण हान्नमा निपुण छु, त्यति नै आफ्नो वचनमा दृढ पनि छु । हे साम, अब विरह नगर ! मलाई माफ गरिदेऊ ! म आफ्नै आमाबुबा सरह मानेर उहाँहरूको सेवा गर्ने छु । बरु मलाई भन, तिम्रा आमाबुबा कुन जङ्गलमा हुनुहुन्छ ?"

"हे राजन ! त्यसो हो भने भैगयो । मेरा आमाबुबा मेरो शिरतर्फको बाटो गयौ भने भेटिनुहुने छ । यहाँबाट आधा बाटो पर मेरा आमाबुबा हुनुहुन्छ । अब उहाँहरूको राम्ररी सेवा उपस्थान गरिदिनुहोला । हे काशीराज, तपाईलाई नमस्कार छ । यो घोर जंगलमा मेरो आमाबुबाको सेवा गरिदिनू । हे काशीराज ! म हात जोडेर बिन्ती गर्दै छु कि मेरा आमाबुबालाई मेरो यो अन्तिम प्रणाम सुनाइदिनुहोला ।"

यति भन्दाभन्दै स्वर्णसाम त्यहीँनेर अचेत भएर ढले । राजा स्वर्णसामको प्राणपखेरु उडिगयो भन्ने ठानी राजा दुःखपूर्वक त्यहाँबाट हिँडे । परबाट आइरहेका राजाको पाइलाको चाल सुन्नेबित्तिकै छोराको बाटो पर्खेर बसेका तपस्वी तपस्वीनीले सोधे, " यहाँ को आएको?"राजाले पनि आफ्नो परिचय बिस्तारै बिस्तारै प्रस्तुत गरे । स्वर्णसामको मृत्युको खबर पनि सुनाए । पुत्रशोकमा डुबेर उनीहरू प्रताडित हुँदै नाना विलौना गर्न थाले । बुढाबुढीका बिलौना सुनेर



Downloaded from http://www.dhamma.digital

उनीहरूलाई धैर्य दिँदै भने, "अब धेरै शोक नगर्नुहोस् । म आफ्नो प्रायश्चितको भोग गर्नेछु । म तपाईंहरूको राम्रो सेवा गर्नेछु । तपाईंहरू नै अब मेरा आमाबुबा हुनुहुन्छ।"

राजाले जे जति भने पनि पुत्रशोक कसरी शान्त हुन्थ्यो र ? उनीहरूले भने, "हामीलाई कृपा गरेर त्यहीं लगिदेऊ, जहाँ हाम्रो छोरोछ ।" राजाले उनीहरूका हात समाएर त्यहाँ लिएर गए । त्यहाँ पुगेपछि बाबुले स्वर्णसामको टाउको आफ्नो काखमा राखे र आमाले खुट्टा आफ्नो काखमा लिइन् । उनीहरूले धेरै विलाप गरे- "बाबु साम, तिमी किन धुलोमा लडिरहेछौ ? उठ बाबु, तिमीले यसरी सुत्ने बेला भएको छैन । बाबु, तिमीले हामीलाई कसरी छोडेर गयौ? बाबु, तिमी गयौ भने कसले हाम्रो जटा काटिदिन्छ ? कसले बढार्छ ? कसले पानी ल्याउँछ ? कसले फलफूल ल्याउँछ ?" यसरी विरह गर्दागर्दै उनीहरूले चाल पाए कि स्वर्णसामको प्राण चिसो भएको छैन । उनको शरीर तातै छ । त्यसैले विषको सारा शक्ति क्षीण भएर जाओस् भनी उनीहरूले सत्य वचन बोले । सामको धर्म, सत्यवादिता मातृपितृ भक्ति तथा सेवाग्रत विनम्रताका प्रभावले सारा विष कमजोर भएर निष्प्रभावी भई जाओस् भन्ने वृद्धवृद्धा आमाबुबाको पुकार थियो ।

उक्त सत्य वचनको प्रभावद्वारा स्वर्णसामलाई लागेको वाणको विषको प्रभाव क्रमशः कम हुँदै गई उनी बिस्तारै उठे । सामले पुनर्जीवन प्राप्त गरी उठेको चाल पाएर अन्धा आमाबुबाहरूले पुनः एकचोटि संसार देखे जस्तो महसुस गरे । यो देखेर राजा पनि आश्चर्यचकित हुनुका साथै खुशी पनि भए । अन्त्यमा, बुढाबुढीले  राजधर्मका दशओटा उपदेश दिएर त्यहाँबाट राजालाई बिदा गरी पठाए । पहिले जस्तै गतिमा उनीहरूको जीवननौका पुनः अगाडि बढ्यो ।

यस्तै अर्को एक जातक कथा छ, जसमा आमाको सेवा गर्दागर्दै कर्तव्यबस एक पुत्रले आफूले नै प्राण त्याग गरेको आदर्शको वर्णन छ :

एक समयमा वाराणसीमा राजा ब्रह्मदत्तले राज्य गरिरहेका थिए । बोधिसत्व हिमालय प्रदेशमा नन्दीय नामक बाँदर भएर जन्मिए । उनको एक भाइ पनि थियो । भाइको नाम चुल्ल नन्दीय थियो । दुवै भाइ हजारौं बाँदरहरूका नाइके भएर बसेका थिए । उनीहरूकी बुढी आमा पनि थिइन् । ती दुवै दाजुभाइले सधैं आफ्नी आमालाई जङ्गलबाट मिठा मिठा राम्रा फल दिएर पठाउँथे । तर, ती फल लिएर आउनेहरूले भने बाटैमा धेरै फल झिकेर आफैं खाइदिन्थे र



Downloaded from http://www.dhamma.digital

आमालाई भने थोरै मात्र पुऱ्याइदिन्थे । यसरी छोराहरूले पठाएका सबै फलफूल आमाले खान नपाएका कारण आमा झन् झन् दुब्लाउँदै गइन् ।

एक दिन बोधिसत्वले आमा त्यसरी दुब्लाउँदै जानुभएको देखेर सोधे, "आमा, हामी तपाईंलाई कति मिठा मिठा फल पठाइरहेका हुन्छौं तापनि तपाईं किन यसरी दुब्लाउनुभएको ?" आमाले छोराको यो कुरा सुनेर भनिन्, "अहँ, मलाई त त्यसरी खानपुग्ने गरी कसैले फलफूल दिन ल्याएको छैन त ।" आमाले दिनुभएको यो जवाफ सुनेर बोधिसत्वले विचार गरे कि यदि मैले यसरी नाइके भएर काम गरी बसें भने आमाप्रति अन्याय हुने छ । हाम्री आमाको भौतिक देह यत्तिकै दुब्लाएर देहवसान हुने छ।

आफ्नो बाँदर समूह र नाइके पद छोडेर भएपनि आमाको सेवा गर्नुपर्छभन्ने सङ्कल्पका साथ आफ्ना भाइलाई बोलाएर उनले भने, "नन्दीय, तिमीले यस समूहको नाइकेको रूपमा काम गर । म आमाको सेवा गर्छु ।" तर, चुल्ल नन्दीयले पनि आमाको सेवा गर्न छाडेर नाइकेको काम गर्ने कुरा स्वीकार गरेनन् । अनि, दुवै मिलेर आमाको सेवा गर्ने हेतुले आफ्नी आमालाई आफूसँगै लिई हिमालय छोडेर सिमान्तको निग्रोध वृक्षमुनि बास बस्न थाले ।

उनीहरू बसेको ठाउँ नजिकै धनुषको भरमा बाँचिरहेको एक सिकारी पनि बस्थ्यो । उसको कर्म नै सिकार गरी मासु बेच्ने थियो । एकदिन उसले कुनै पनि सिकार फेला नपारेपछि फर्किरहेको बेला तिनै नन्दीय बाँदरहरू भएको ठाउँमा आइपुग्यो । नन्दीय र चुल्ल नन्दीय आफ्नी आमालाई फलफूल खुवाइसकेर रुखमुन्तिर शान्त भएर बसिरहेका थिए । सिकारी आउनेबित्तिकै तिनीहरू उफ्रेर भागे । तर, बुढी आमालाई उनीहरूले भगाउन सकेनन् । उनीहरूका मनमा बुढीआमालाई सिकारीले केही नगर्ला भन्ने विचार थियो । त्यस निर्दयी सिकारीको मनमा भने यस्तो विचार आयो कि खाली हात फर्किनुभन्दा त वृद्धा बाँदरकै सिकार गर्नु ठिक हो । यही विचारअनुसार सिकारीले धनुष तेर्सायो ।

आफ्नी वृद्धा आमालाई सिकारीले मार्न लागेको देखेर आमाको सट्टा बरु मै मरुँला भन्ने अठोट गरी बोधिसत्वले आफ्ना भाइलाई भने, "हेर भाइ, यस व्याधाले हाम्री आमालाई वाण हानेर मार्न लाग्यो । त्यसकारण म अगाडि गएर आमाको ठाउँमा उपस्थित भई उहाँलाई छेकेर आफैं मरिदिन्छु । मेरो मृत्युपछि तिमीले आमाको राम्रो हेरविचार गर्नू ।" आफ्ना भाइलाई यति भनिसकेपछि



Downloaded from http://www.dhamma.digital

नन्दीय बाँदरले व्याधाको अगाडि आएर भने, "हे व्याधा ! तिमीले हाड र छाला मात्र भएकी विचरी मेरी आमालाई मार्न आँट्यौ । हे निष्ठुर, मेरी आमालाई नमार! बरु मलाई नै मार ! कृपया ! मेरी आमाको प्राण रक्षा गर ।"

व्याधाले उनकी बुढीआमालाई नमार्ने कबुल गऱ्यो । सिकारीले एकै छिनमा नन्दीयलाई माऱ्यो । नन्दीयलाई मारिसकेपछि व्याधाले बुढीलाई पनि किन छोड्ने भनेर वाण तेर्साउन थाल्यो । यो देखेर चुल्ल नन्दीयले पनि आफ्नी आमाको जीवन रक्षाका लागि व्याधाको अगाडि उभिएर भने- "हे पुरुष ! तिमीले मेरी बुढी आमालाई नमार । बरु तिमीलाई मासु पुगेको छैन भने लौ, मलाई मार ! हामी दुई दाजुभाइलाई मारेर तिमी सन्तोषी बन । हाम्री यस्ती बुढी आमालाई यति दुःखकष्ट नदेऊ । उनले पनि यसरी आफ्नी वृद्ध आमालाई मार्न नदिने कबुल गराई व्याधाको धनुष अगाडि उभिए । व्याधाले चुल्ल नन्दीयलाई पनि मारे । तर, त्यो पापी व्याधाको मन यतिले मात्रै कहाँ बुझ्यो र? फेरि उसले विचार गऱ्यो कि बुढी बाँदरलाई अब छोड्ने त कुरै छैन ! बजारमा बेच्न नभए पनि घरमै पकाएर खान हुन्छ भन्ने कुरा सोचेर उसलेवृद्धा बाँदरलाई पनि धनुषले हानेर मारिदियो । यसरी सबैलाई मारिसकेपछि बाँदरको मासु लिएर ऊ सरासर गयो । सिकारी मनमनै खुशी हुँदै घरमा पुगेर भित्र मात्रै के पसेको थियो, उसको घरमा चट्याङ परी आगलागी हुँदा एकैछिनमा खरानी भयो । उसकी श्रीमती र दुई छोराको पनि त्यही आगलागीमा परेर मृत्यु भयो । मृत्युपछि सिकारीको आत्मा अबिची नर्कमा गयो ।

यस कथाअनुसार यो स्पष्ट हुन्छ कि- आमाबुबाका निम्ति प्राणको आहुति दिने कार्य बोधिसत्व आदर्श हो । यस्तो आदर्शमय मङ्गल कार्य गरेर बस्नेलाई जसले बाधा पुऱ्याउँछ उसको नरक बास नै हुन्छ ।

यस प्रकार बौद्ध साहित्यमा आमाबुबाको सेवा सत्यकार्यको आदर्श दर्शाउने कथाहरू धेरै छन् । बौद्ध नैतिक शिक्षा, वसल सूत्रमा वर्णन भएअनुसार जो व्यक्ति आफ्नो सामर्थ्य भएर पनि वृद्धवृद्धा भइसकेका वा असक्त भइसकेका आमाबुबाको पालन-पोषण गर्दैन, जसले वचन लगाएर दुःख दिन्छ त्यस्ता व्यक्तिहरूलाई 'वृषल' (वसल) अर्थात् नीच भनिन्छ । मानिसको अवनतिको कारणमध्ये एउटा कारण आमाबुबाको अपमान गर्नु पनि हो भनी 'पराभव सूत्र' मा उल्लेख छ । अझ 'धम्मिक सूत्र'मा आमाबुबाको सेवा गर्नु, उपस्थान गर्नु, स्वयम् प्रभ देव



Downloaded from http://www.dhamma.digital

हुनु नै गृहस्थ धर्म हो भनी उल्लेख गरिएको छ । यसको ठिक विपरीत वृद्ध आमाबुबाप्रति दिक्क भई दुर्व्यवहार गर्नु एकातिर रमाइलो एवम् आनन्दमय सन्तति परम्पराको स्नेहसूत्र तोड्नु हो भने अर्कोतिर भविष्यमा आफूलाई पनि त्यस्तै भोग गराउने मार्ग प्रस्तुत गर्नु हो । यिनै कुराहरूलाई पुष्टि गर्ने जातक कथाहरू यिनै हुन् ।

## आफूले बुबाआमालाई जस्तो व्यवहार गऱ्यो, सन्तानले पनि पछि आफूलाई त्यस्तै व्यवहार गर्ने

वाराणसीमा राजा ब्रह्मदत्तले राज्य सञ्चालन गरिरहेका थिए । त्यसै समयमा बोधिसत्व एक व्यापारीको कूलमा जन्मिए । व्यापारीका बुबाअत्यन्त वृद्ध भइसकेका थिए । हिँडडुल गर्न पनि गाह्रो, आँखा पनि कमजोर,बोली पनि अस्पष्ट र लर्बराउने भइसकेको थियो । तथापि उनी स्वस्थ नै थिए । तर यसरी वृद्ध बुबाको सेवा सुश्रुषा गरिरहँदा छोरा चाहिँ हायलकायल भइसकेको थियो र उसकी श्रीमतीले पनि दिक्क मानिसकेकी थिई । वृद्धको पालनपोषण गर्नु केटाकेटीको लालनपालन गर्नुभन्दा चर्को महसुस गर्न थाले । वृद्ध बुबालाई फोहरी र घृणित देख्न थाले । परिणामस्वरूप मनमा कुभावना जम्दै गयो । अन्तमा कुकर्म गर्न प्रेरित भए । आफ्ना वृद्ध बुबालाई जङ्गलमा लगेर फाल्ने योजना बनाउन थाले ।

यसरी हजुरबाको विषयमा आमाबुबाबीच भएको योजनाको सल्लाह र निर्णयबारे त्यस व्यापारीको बालक छोरा लुकेर सुनिरहेको थियो । आफ्नो बुबाले भोलिपल्ट गर्ने कार्य योजनाबारे पनि छोराले सबै कुरा ध्यानपूर्वक चियो गरी सुनेर बस्यो ।

बुबाले हजुरबालाई भने- "तपाईं वृद्ध हुनुभयो । हाम्रो लगानी थुप्रै छ, त्यसैले तपाईंको जिउ छँदै असामी उठाउन पाए सजिलै उठ्ने छ । तसर्थ हामीले लिनुपर्ने ऋण उठाउन हामीसँगै जाऔं । सोझो वृद्धले मनमनै विचार गरे, 'छोरोको कुरा ठिकै हो । भविष्यमा असामीले छोरालाई चिनेको छैन पनि भन्न सक्छन् । त्यसैले आफ्नो सास छँदै ऋण उठाउनु ठिक हो । मेरो अनुहार देख्नेबित्तिकै दिनुपर्ने व्यक्तिहरूले कसरी नदेलान् त ? यसरी बाबुछोरा बिचको आपसी सल्लाहअनुसार आफ्नो छोरासँग जानका लागि वृद्ध तयार भए । गाडा पनि ठिक भयो । अनि वृद्ध बुबालाई गाडामा राखेर आफू पनि बसे । आफूले योजना



Downloaded from http://www.dhamma.digital

गरे मुताबिक सबै सामानहरू पनि राखे । त्यही बेला वृद्धको नाति पनि सुटुक्क गएर गाडाको पछाडि चुपचाप लुकेर बस्यो । गाडा अगाडि बढ्यो र जङ्गलको बिचमा पुगेर रोकियो । एउटा बहाना बनाएर वृद्धलाई त्यहीँ एकातिर राखेर आफू जङ्गलको बिचमा अवस्थित स्मशानतिर गए । त्यसपछि उनले मनमनै विचार गरे, तर कसरी फालेर जाने? रोईकराई बसे भने के होला ? त्यसैले वृद्धका छोराले विचार गरे कि बरु जमिनमा खाल्डो खनेर पुरेर जान पाइयो भने आनन्दपूर्वक प्राण त्याग्न सक्नेछन् । यसरी मनमा अनेक कल्पना गरेर पितृद्रोही छोराले जङ्गलको अलि परतिर गहिरो खाल्डो खन्न थाले । यी सबै दृश्य बालक छोराले हेरी बसेको थियो । एकछिन पछि थकाइले गर्दा कोदालो त्यहीँ राखेर एकछिन आराम गर्नका लागि रुखको छहारीमुन्तिर बस्न गए । यही बेला वृद्धको नाति आएर रूखको पछाडिबाट बिस्तारै कोदालो तानेर लियो । अलि पर गएर उसले पनि एउटा खाल्डो खन्न थाल्यो । यतापट्टि थकाइ मेटिसकेर व्यापारीले खाल्डोतिर हेर्दा आफूले राखेको कोदालो देखेनन् । उनी आश्चर्यमा परे । वरिपरि हेरे तर कसैलाई देखेनन् । दौडेर गएर यताउता हेरे गाडा जहाँको त्यहीँ छ, वृद्ध बुबा पनि शान्तसँग बसिरहेको देखे । फेरि यताउता हेरे र केही परबाट केही आवाज आएको सुने । त्यहाँ गएर हेर्दा त उनले आफ्नै छोरोले कोदालो लिएर धमाधम खाल्डो खनिरहेको देखे । व्यापारीले आफ्नो छोरालाई सोधे- “ए बाबु । तिमी किन आएको ? कहिले आएको ? कसरी आयौ ?” “बा, म तपाईंको पछि पछि नै आएको हुँ ।” छोराले उत्तर दियो । “अनि यो तिमीले के गरिरहेको त ?” बुबाले सोधे । “बुबाले के गरिरहनुभएको नि ?” प्रत्युत्तरमा छोराले पनि बुबालाई सोध्यो । मैले त वृद्ध भइसकेका तिम्रा हजुरबालाई समाधिस्थ गर्नका लागि समाधि बनाइरहेको छु ।” बाबुको कुरा बिचैमा काटेर मुस्कुराउँदै छोराले भन्यो,“बा,मैले पनि समाधि नै बनाउन खोज्दै छु । बाको बुबा वृद्ध हुनेबित्तिकै समाधिस्थ गर्नका लागि समाधि बनाउनुपर्ने जस्तै म पनि तपाई वृद्ध भइसकेपछि समाधिस्थ गर्नका लागि समाधि बनाइरहेको नि ! मैले विचार गरें कि पछि बनाउनु नपर्ने गरेर अहिले नै बनाई राखुँ । पछि खुरुक्क समाधिस्थ मात्र गरे पुगिहाल्छ भनेर यो खाल्डो खन्दैछु ।” आफ्नो छोराको यो जवाफ सुनेर उनी तर्सिए । निद्राबाट बिउँझिए जस्तै भयो । उनले आफ्नो वृद्ध बुबालाई चुपचाप घर लिएर आए र प्रेमपूर्वक सेवा सत्कार गरी राखे । यस जातकमा वृद्धका नाति भनिएका पनि बोधिसत्व हुन् ।

Downloaded from http://www.dhamma.digital

बोधिसत्वले पितृ-द्रोहीहरूलाई कसरी शिक्षा दिए भन्ने सवालको ज्वलन्त उदाहरण हो माथिको जातक कथा । यस्तो नीति शिक्षा भएर पनि कोही आमाबुबामाथि द्रोही नै हुन्छ भने बौद्ध साहित्यमा यसलाई ठूलो अपराध मानिन्छ। आमाबुबाको हत्या गर्नु भनेको पञ्च महापापमध्ये पहिला दुई महापाप हुन् । आमाबुबाका हत्यारालाई बुद्धको आशीर्वाद हुँदैन । पञ्च महापाप गर्नेहरूलाई बौद्धहरूको परित्राणको प्रभाव पनि पर्दैन । यसैबाट आमाबुबाप्रतिको बौद्ध दृष्टिकोणलाई प्रस्टसँग बुझ्न सकिन्छ ।

राजा अजातशत्रुलाई बौद्ध साहित्यले नर्कबाट मुक्त भएको देखाएको छैन । किनभने उसले पनि आफ्ना बुबा राजा बिम्बिसारको हत्या गरेको थियो । बुद्धका दुईजना अग्रश्रावकहरूमध्ये दोस्रो अग्रश्रावक मौदगल्यायनको परिनिर्वाण वृत्तान्तमा पनि आमाबुबालाई दुःख-कष्ट दिएको विपाकबारे प्रस्ट पारेको छ । जुन विपाकको फलस्वरूप मौद्गल्यायनले हड्डी धुलोपिठो हुने गरी नै कुटाइ खानुपरेको थियो ।

## आमाबुबालाई पिट्दाको विपाक

मौद्गल्यायन महास्थविरको पूर्वजन्मको कुरा हो। उहाँ एक सम्पन्न कुलमा जन्मिनुभएको थियो । आमाबुबाले बारम्बार भनिरहँदा पनि उहाँले आफू विवाह गर्न इच्छुक नभएको कुरा व्यक्त गरिरहनुभयो । उहाँले जहिले पनि भन्नुहुन्थ्यो- आमाबुबाको जीवन छउन्जेल तपाईंहरूको सेवा गर्छु । तपाईंहरू नै पहिला बित्नुभयो भने आफू प्रव्रजित भई जङ्गलमा गएर बस्नेछु। तर, यस जवाफबाट आमाबुबालाई कत्ति सन्तोष भएन । जहिले पनि रोईकराई गरेर बस्नुभयो । अनि एकदिन लौ न त भनेर एकजना आफूलाई सुहाउँदो मनपर्ने केटीलाई विवाह गरी ल्याउनुभयो । विवाह पश्चात् केही समय केही वर्ष आनन्दपूर्वक नै बित्यो ।

पछि विस्तार विस्तार तिनीहरू दुईको रमाइलो एवम् आनन्दित जीवनमा वृद्धवृद्धा बाधक जस्तै भए । दिनहरू बित्दै गए । वृद्धवृद्धा झन्झन् बुढाबुढी हुँदै गए । यतापट्टि छोराबुहारीको मनमा पनि पाप कल्पना झन्झन् बढ्दै गयो । सुरुसुरुमा आमाबुबाको विषयमा आफ्नी श्रीमतीले केही भनेमा पनि श्रीमतीलाई गाली गर्ने व्यक्ति पछि चुप लागेर बस्ने भयो ।

उता आफ्नो कल्पना साकार गर्नका लागि अल्झनको रूपमा रहेका



Downloaded from http://www.dhamma.digital

वृद्धवृद्धालाई पन्छाउन कुशल-अकुशल सबै किसिमका कर्म गर्न थाल्यो । कहिले नुन चर्को त कहिले अमिलो खुवाएर खानेकुरा खेर फालेको आरोप लगाउन थाले । धेरै तातो भयो भन्यो भने बरफभैंं चिसो बनाएर त चिसो भयो भन्यो भने तात्तातो खुवाएर कष्ट दिन थाले । यसरी मन दुखेका वृद्धवृद्धाहरू स्वभावतः बर्बराउन थाले । भगडाको त्यो कम कहिल्यै नटुट्ने भयो । अनि त भन्भन् कलह सल्टयाउनका लागि अनेकौं योजना बुन्दै गए । चोरको निम्ति अँध्यारो रात मनपर्ने, भिँगाको निम्ति दुर्गन्ध मनपर्ने । कहिले फोहर यताउता पारी राख्ने त कहिले आफैंले खानेकुरा सिँढीभरि छरेर राख्न थाले । लडाइँ, भैभगडा, कलह साम्य भएन भने त्यस घरको दुर्दशा कस्तो होला ? यस्तै यस्तै कुकृत्य त्यस घरमा हुन पुग्यो । आखिरमा तिनले आमाबुबालाई नै बाधक देख्न थाले ।

योजना मुताबिक एक दिन पहिला पहिलाको आसामी उठाउनु छ भनी आमाबुबालाई बोकेर जङ्गलमा लग्यो । जङ्गलमा पुगेपछि पिसाब गरी आउँछु भनी आमाबुबालाई त्यहीं छोडेर गयो ।केही बेरपछि आफैं जङ्गलको डाँका भेष धरेर आमाबुबा दुवैलाई पो पिट्न थाल्यो । यसरी पिटाइ खाँदा पनि त्यहाँ मातृत्वले स्थान लिएको थियो । उनीहरूले ऐयानि बाबा ! भन्दै रोइकराई भन्न थाले- “ए बाबु ! तिमी यता नआऊ । हामीलाई डाँकाले कुटिरहेछन् । तिमी यता नआऊ, बरु तिमी भाग, भाग ।” यही नै हो प्रकट भएको अलभ्य मातृत्व । आफ्नो पीडा भुलेर पनि आफ्ना सन्तानको दुःख, पीर दूर गर्न खोज्ने आमा, आफू मरेर पनि आफ्नो सन्तान बचाउन खोज्ने मातृत्वको एक उदाहरण ।

यो मातृत्व चित्कारले त्यो दुष्ट छोरोको मुटुमा बिभायो । उसको आँखा बल्ल खुल्यो । अनि उसका आमाबुबाको पाउमा शिर राखी क्षमा माग्यो । आफ्नो घरमा ल्याएर देवतुल्य सम्भी आमाबुबाको सेवा सत्कार गरेर बस्यो । बरु आफ्नै जहानलाई नै त्यागेर आफू एक्लै आजीवन आमाबुबाको सेवा गरी जीवन व्यतीत गरी बस्यो ।

बौद्ध साहित्यमा यो उदाहरण आमाबुबालाई दुःख दिएको विपाक (पाप) फल देखाउनका लागि राम्ररी उल्लेख गरी राखेको छ । आमाबुबालाई कुटेको दुःख, कष्ट दिएको फल जन्मजन्मान्तरमा पनि अनेक दुःख भोगेर पनि कटाउन सकिन्न । अभ बुद्धको मूल शिष्य नै भए तापनि उक्त पापबाट मुक्त हुन सकिँदैन भन्ने कुरा यस कथाले प्रस्ट पारेको छ ।



Downloaded from http://www.dhamma.digital

# श्रृगालपुत्रलाई उपदेश

भगवान् बुद्धले श्रृगालपुत्रलाई दिएको निम्नानुसारको उपदेश प्रस्तुत गर्दै यस पुस्तकलाई अन्तिम रूप दिन चाहन्छु :

एक दम्पतीले आफ्नो छोरालाई शृगाल (स्याल) भनी नामकरण गरेका थिए। उनीहरूले आफ्नो छोरालाई असाध्यै माया गर्थे र छोराको उन्नतिका लागि अनेक प्रकारका उपदेश पनि दिन्थे। तर,छोराले भने आफ्ना आमाबुबाको अर्ती कत्ति पनि पालना गरेको थिएन।

बुबाले आफ्नो जीवनको अन्तिम घडीमा भने- "म मर्न लागें बाबु ! अब मेरो एक वचन त सुनिदेऊ।" फेरि हात जोड्दै भन्न थाले, "कुरा अरू केही होइन। म मरेपछि तिमीले बिहान सबेरै उठेर नुहाउनू। अनि, भिजेकै कपडामा तिमीले पूर्व, पश्चिम, उत्तर, दक्षिणका साथै तल र माथिको दिशालाई नमस्कार गर्ने गर्नू। श्रृगालले आफ्नो बुबाको यस अन्तिम वचनलाई स्वीकार गऱ्यो। अनि बुबाले भने जस्तै बाबुको मृत्युपश्चात् दिनहुँ त्यस्तै गरेर बस्यो।

एकदिन भगवान् बुद्ध राजगृहमा भिक्षाटन गर्न आउँदा उसलाई देख्नुभयो। यसरी एक न एकदिन बुद्धले अवश्य देख्नुहुनेछ र उसको उपकार गर्नुहुनेछ भनी गृहपतिले पनि आशा गरेर जानुभएको थियो। बुद्धले उसलाई सोध्नुभयो- "हे गृहपति पुत्र, तिमीले किन यसरी एकाबिहानै उठेर चिसो पानीमा नुहाएर छ दिशालाई नमस्कार गरिरहेको ?"

श्रृगालले सम्पूर्ण कुरा बुद्धलाई विन्ती गऱ्यो। बुद्धले भन्नुभयो- "गृहपतिपुत्र, आर्य विनयमा छ वटा दिशा नमस्कार गर्ने तरिका त्यसरी होइन।" गृहपति पुत्रले जिज्ञासापूर्वक कसरी गर्ने त भनी बिन्ती गर्नेबित्तिकै बुद्धले आज्ञा गर्नुभयो, "गृहपतिपुत्र, भगवान्‌को आर्य विनय पालन गर्नेहरूले पहिला चारओटा कर्मक्लेश गर्नुहुन्न। चारओटा पाप कर्म गर्नुहुन्न। धन सम्पत्ति नाश हुने छओटा कारण सेवन गर्नु हुन्न। यति गर्न नहुने चौधओटा पापकर्म छोडेपछि मात्र छओटा दिशा नमस्कार गर्न जान्नुपर्दछ। जसले गर्दा अनेक दिशाबाट आउने निन्दादि भय आउँदैन। यस लोक,परलोक दुबैमा विजयी हुन्छ। सफलता प्राप्त हुन्छ, निर्भयी हुन्छ, शान्ति एवम् सन्तोषी हुन्छ र परलोकमा सुगति प्राप्त हुन्छ।"



Downloaded from http://www.dhamma.digital

## चार प्रकारका कर्मक्लेश

पाणातिपातं अदिन्नादानं, मूसावादो च वुच्चति ।
परदार गमनग्चेव, नप्पसंसन्ति पजिता ॥

प्राणीघात गर्ने, चोरी गर्ने, असत्य बोल्ने, व्यभिचार गर्नेलाई कर्मक्लेश भनिन्छ । यी चार कर्मक्लेशलाई पण्डित-विद्वान्हरूले प्रशंसा गर्दैनन् ।

## चार पाप कर्म नगर्नेहरुको बृद्धि

छन्दा दोसा भया मोहा, यो धम्मं नातिवत्तति ।
आपूरति तस्स यसो, सूक्क पक्खेव चन्दिमा ति ॥

जुन व्यक्ति छन्द, द्वेष, मोह र भयको वशमा पर्दैन, उसको यश एवम् कीर्ति यसरी बृद्धि हुन्छ कि जसरी शुक्लपक्षको चन्द्रमा ।

### धनसम्पत्ति नाश हुने ६ ओटा कारणहरु:

१. मादकपदार्थ आदि सेवन गर्नु ।
२. कुबेलामा घुमफिर गर्नु ।
३. नाचगान हेर्न जानु ।
४. तासजुवा आदि खेल्नु ।
५. कुमित्रको सङ्गत गर्नु ।
६. अल्छी भएर बस्नु ।

### ६ ओटा दिशाको नमस्कार :

गृहपतिपुत्र, भय अर्थात् निन्दा भन्ने कुरा मानिसलाई छ वटा दिशाबाट आउँछन् । ती छ दिशाबाट आउने भयहरूलाई रोक्ने गर्नुपर्दछ । छ दिशाबाट निन्दादि भय नआउने गर्नका लागि राम्ररी आचरण-व्यवहार गर्न सिक्नुपर्दछ ।

उल्लेखित ६ वटा दिशाका अर्थहरू यस प्रकार छन् :



Downloaded from http://www.dhamma.digital

१. पूर्व दिशाको अर्थ आमाबुबा हुन्।
२. दक्षिण दिशाको अर्थ आचार्य गुरुजन हुन्।
३. पश्चिम दिशाको अर्थ पत्नी, पुत्रपुत्री हुन्।
४. उत्तर दिशाको अर्थ शुभचिन्तक, हितैषी मित्रहरू हुन्।
५. तल्लो दिशाको अर्थ नोकरचाकर हुन्।
६. माथिल्लो दिशाको अर्थ श्रमण ब्राह्मणहरू हुन्।

बुद्धको उपदेशअनुसार यी छ वटा दिशाहरूप्रति ठीक तरिकाले आचरण-व्यवहार गर्नु नै साँच्चिकै दिशा पूजा गर्नु हो। यस्तै ठीक र साँचो तरिकाले दिशा पूजा गर्नु नै गृहस्थ जीवन सुखी पार्नु हो। त्यसैले यी आचरण तथा व्यवहारिक शिक्षाको समूहलाई नै गृही-विनय भनिन्छ।

गृही-विनयमा आमाबुबालाई पूर्व दिशा भन्नुको कारण आमाबुबा छोराछोरीभन्दा पनि पहिला यस लोकमा उत्पन्न भएका हुन् र छोराछोरीको जीवनमा सबैभन्दा पहिला उपकार गर्ने पनि आमाबुबा नै भएकाले आमाबुबालाई पूर्व दिशा भनिएको हो।

**इति श्री**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital



**ठूली फुपु देवी कुमारी शाक्य**

**जन्म : ने.सं. १०३२ जेष्ठ शुक्लपक्ष पञ्चमी, विहीबार**

**दिवंगत : बि.सं. २०५३ कार्तिक ५ गते, आश्विन शुक्लपक्ष दशमी, सोमबार**




Downloaded from http://www.dhamma.digital



**ठूलोबुबा भिक्षु विवेकानन्द महास्थविर**
**(गृहस्थी नामः प्रज्ञाधन शाक्य)**
**जन्म : बि.सं. १९७३ भाद्र, भोजपुर, टक्सार**
**दिवंगत : बि.सं. २०४२ कार्तिक ९ गते, द्वादशी**



Downloaded from http://www.dhamma.digital



जिजुमुमा हर्षथकुँ शाक्यको साथमा पनाति कमल शाक्य सहित परिवारका अन्य सदस्यहरू (सबैभन्दा पुरानो फोटो)



विजया दशमीको अवसरमा भएको पारिवारिक जमघट
नयाँ वानेश्वर

Downloaded from http://www.dhamma.digital




विजया दशमीको अवसरमा भएको पारिवारिक जमघट
नयाँ वानेश्वर



विजया दशमीको अवसरमा भएको पारिवारिक जमघट
नयाँ वानेश्वर

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital



## सारांश

आमाबुबाको से[illegible] बुद्धबोधिसत्वहरुद्वारा मार्गदर्शन गरिएको आदर्शपथमा [illegible]सहरुले यो सारा विश्वब्रह्माण्ड नै आफ्नो बनाए तापनि [illegible]को आफ्नो [illegible] कहिल्यै बिर्सिनु हुँदैन [illegible] हो कि [illegible] कर्तव्यका [illegible] र पद्धति युग एवम् सा[illegible]अनुसार परिवर्तन हुँदै जान्छन् । तर, कर्तव्यका अर्थ एवम् [illegible] परिवर्तन हुँदैन ।

जहाँ संयुक्त परिवा[illegible] अपनाइएको हुन्छ, [illegible] रुपले वृद्धवृद्धाहरुको लाल[illegible]को समुचित व्यवस्थापनले स्थान ओगटेको हुन्छ । भूत र [illegible] वर्तमान अवस्था नै भविष्यप्रति आधार केन्द्रित हुन्छ ।

Downloaded from http://www.dhamma.digital